जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ • अंक ४२ • २०८० साल असार १६ गते शनिबार (1 July, Saturday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-


## जसपाका केन्द्रीय सदस्य रौनियार ठगी मुद्दामा पक्राउ

**अनिल तिवारी**

वीरगञ्ज । जनता समाजवादी पार्टी(जसपा)का केन्द्रीय सदस्य एवं पूर्व सांसद हरिनारायण रौनियारलाई शुक्रबार प्रहरीले पक्राउ गरेको छ । पप्पु कन्स्ट्रक्सनका सञ्चालकसमेत रहेका रौनियारलाई प्रहरीले काठमाण्डुको नयाँ बानेश्वरबाट पक्राउ गरेको छ ।

उपत्यका अपराध अनुसन्धान कार्यालय काठमाण्डुको टोलीले उनलाई पक्राउ गरेको एआईजी श्याम ज्ञवालीले जनाएका छन् ।

ठगी मुद्दामा सांसद रौनियालाई पक्राउ गरिएको एआईजी ज्ञवालीले बताए ।' जिल्ला प्रहरी कार्यालय बाँकेको अनुरोधमा रौनियारलाई पक्राउ गरिएको छ ' उनले भने, रौनियारमाथि बाँकेमा ठगी मुद्दा दर्ता रहेको छ ।

रौनियारका छोरा सुमित रौनियार विरूद्ध जिल्ला अदालत बाँकेले गत वैशाख १० गते पक्राउ गर्न प्रहरीलाई आदेश जारी गरेको थियो । छोरा सुमित रौनियार प्रहरीको पहुँच भन्दा पर रहेका छन् । पप्पु कन्सट्रक्सनको कागजी सञ्चालक सुमित रौनियार नै रहेका छन् ।

पक्राउ परेका रौनियारलाई थप अनुसन्धानका लागि शनिबार बाँके पठाइने प्रहरीले जनाएको छ । लुकिछिपी रहेका रौनियार जसपाको बिहीवार सम्पन्न विधान अधिवेशनमा सहभागी हुन काठमाण्डु पुगेका थिए ।



रौनियार सञ्चालक रहेका पप्पु कन्सट्रक्सनले ठेक्का लिएका अधिकांश पुलको निर्माण अलपत्र परेको छ । वर्षौंदेखि निर्माण अधुरा छाडेका पुलहरुको कारण हरेक वर्ष बाढीको समयमा जनधनको ठूलो क्षति हुने गरेको छ ।

गणतन्त्र नेपालको पहिलो आम निर्वाचनमा जसपाको टिकटबाट पर्सा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ बाट निर्वाचित भएका रौनियार उपर अख्तियार दुरुपयोग आयोग अनुसन्धान आयोगले विशेष अदालतमा मुद्दा दर्ता गरेपछि उनी निलम्बित भएका थिए । रौनियारले अलपत्र छाडेका पुलहरु निर्माण गर्न सरकारले अनेक दबाब दिए पनि हालसम्म त्यो हुन सकेको छैन् । रौनियारले विगतमा दिएको चेकको रकम भुक्तानसमेत नगरेकाले उनीमाथि थप मुद्दाहरु पर्ने सम्भावना रहेको बताइन्छ ।

रौनियार अख्तियारको मुद्दामा पक्राउ भने परेका थिएनन् । ठगी मुद्दा दर्ता भएपछि पक्राउ परेका रौनियारका लागि चाँडै उन्मुक्ति पाउने सम्भावना कम रहेको बताइन्छ । रौनियारको पप्पु कन्सट्रक्सन कम्पनीलाई सरकारले कालो सूचीमा राखेको छ ।

### प्रभुबैंकबाट दश लाख गायब

## बैंक कर्मचारीको संलग्नता, ज्योति विकास बैंकसमेत संलग्न

**कमलेश ठाकुर**

जनकपुरधाम । महोत्तरी, जलेश्वर नगरपालिका १० का श्रवणलाल दासको खाताबाट फर्जी खातामा दश लाख रकम ट्रान्सफर भएको पाइएको छ ।

'फोनपे'बाट खाता धनीलाई जानकारी नहुँदै दश लाख तीस हजार पाँच सय ४० रुपैयाँ ट्रान्सफर भएको छ ।

प्रभु बैंकको जलेश्वर शाखामा दासको खाता छ । उनको खाताबाट चार पटकमा ज्योति विकास बैंक रामगोपालपुर शाखामा मुकेश यादव नामको खातामा ट्रान्सफर भएको देखिन्छ । दासको नाममा रहेको प्रभु बैंकको खाता नम्बर ३२ ९७०७६७६११०००१८ बाट ज्योति विकास बैंकमा मुकेश यादवको नाममा रहेको खाता नम्बर ०३८०१३००५७४७०७००००००१ मा रकम गएको छ ।

पहिलो पटक गत बैशाख २८ गते तीन लाख दश रुपैयाँ ट्रान्सफर भएको छ । त्यसपछि एक दिन बिराएर थप दुई पटक त्यति नै पैसा ट्रान्सफर भएको छ । अन्तिम पटकमा मात्र एक लाख ३० हजार पाँच सय दश रुपैयाँ ट्रान्सफर गरिएको छ । अहिले दासको खातामा शुन्य रुपैयाँ छ । उनले घर प्लास्टरको लागि गत जेठ १६ गते पैसा निकाल्न जाँदा खातामा पैसा नरहेको जानकारी पाएका थिए ।

'मैले कमाएको पैसा पटक-पटक बैंकमा राखेको थिए । घर प्लास्टरको लागि पैसा निकाल्न जाँदा बैंकको कर्मचारीले पैसा नरहेको बताए,'उनले भने,'म आश्चर्यमा परे ।' दासले मोबाइल बैंकिङ बारे आफू अनभिज्ञ रहेको बताए ।

सुरुवातमा पनि बैंककै कर्मचारीले ओटीपी अरु चाहिने सामानहरु भरेर दिएको उनको भनाइ छ । बैंककै मिलेमतोमा खाताबाट फर्जी खातामा पैसा ट्रान्सफर भएको उनको आरोप छ । प्रभु बैंक जलेश्वरका प्रमुख मुकेश जयसवालले घटना बारे प्रहरीले अनुसन्धान गरिरहेको बताए ।

> *'मोबाइल बैंकिङबाट ट्रान्सफर भएको देखिन्छ । जुन कुरा बिना ओटीपी सम्भव छैन्,'उनले भने,'ओटीपी त खाता धनी र उनको निकटलाई मात्रै थाहा हुन्छ । त्यसकारण हामीले खाता धनीकै सहमतिमा अरु खातामा गएको हुनसक्ने भन्दै छौं ।' तर प्रहरीले अनुसन्धान गरिरहेको र दोषी छिट्टै बाहिर आउने उनले बताए । महोत्तरीका प्रहरी नायव उपरीक्षक दिलीप कुमार गिरीले अनुसन्धानको अन्तिम चरणमा रहेको बताए ।*

उनले ओटीपी शेयर भएको कारण घटना भएको हुनसक्ने अनुमान गरे ।

'मोबाइल बैंकिङबाट ट्रान्सफर भएको देखिन्छ । जुन कुरा बिना ओटीपी सम्भव छैन्,'उनले भने,'ओटीपी त खाता धनी र उनको निकटलाई मात्रै थाहा हुन्छ । त्यसकारण हामीले खाता धनीकै सहमतिमा अरु खातामा गएको हुनसक्ने भन्दै छौं ।' तर प्रहरीले अनुसन्धान गरिरहेको र दोषी छिट्टै बाहिर आउने उनले बताए ।

महोत्तरीका प्रहरी नायव उपरीक्षक दिलीप कुमार गिरीले अनुसन्धानको अन्तिम चरणमा रहेको बताए ।

उनका अनुसार मुकेश यादवको नागरिकता दुरुपयोग गरी खाता खोलिएको अहिलेसम्मको अनुसन्धानमा देखिएको छ ।

खातामा मुकेशको नागरिकता संलग्न देखिए पनि उक्त व्यक्तिको तस्वीर छैन् । खातामा प्रयोग गरिएको व्यक्तिको पहिचान भइसकेको छैन् । 'हामीले कल डिटेल लिएर काम गर्दैछौं । मुकेश यादवको पहिचान भइसकेको छ,'उनले भने,'तर जसको नागरिकता छ, उसको तस्वीर मेल खादैनन् । हस्ताक्षर पनि फरक छ । नागरिकता दुरुपयोग भएको देखिन्छ ।' मुकेश यादवले जिल्ला प्रशासन कार्यालयमा आफ्नो नागरिकता हराएको भन्दै प्रतिलिपि पनि लिएका छन् ।

ज्योति विकास बैंक रामगोपालपुर शाखाका प्रमुख रितेश कुमार मिश्रले घटनामा धेरै 'सस्पेन्स'रहेको बताए ।

तीन महिना पहिले मात्रै यस बैंकमा मुकेश यादवले सबै प्रक्रिया पूरा गरी खाता खोलेको उनले बताए । उनले खाता खोल्न प्रयोग गरेको नागरिकताको फोटो र खातामा प्रयोग गरेको व्यक्ति ठिक रहेको दाबी गरे ।

नागरिकताको आधारमा तीन पुस्ते विवरण लिएर खाता खोलिए पनि मुकेश यादवले अहिले लिएको नागरिकतामा फरक तस्वीर रहेको उनले बताए ।

'खाता खोल्ने बेला नागरिकता र खाताको फोटो मिलेको छ । नागरिकताको प्रथम प्रतिलिपि निकालेकोछ, त्यसमा उनको फोटो खातासँग मेल खादैनन्,'उनले भने ,'अरु तीन पुस्ते विवरण पनि ठिक छ ।'

ज्योति विकास बैंकमा खाता खोल्न जाँदा उक्त व्यक्तिले मास्क लगाएका थिए । त्यसपछि चार पटक पैसा झिक्न जाँदा पनि उनको अनुहारमा मास्क रहेको सिसिटिभिमा देखिन्छ ।







# शिक्षालयद्वारा धान दिवस



**रञ्जन यादव**

कलैया । बाराको जीतपुरसिमरा उपमहानगरपालिकाको वडा नं १४ रजघट्टा स्थित जनता माध्यामिक विद्यालय कृषि प्राविधिक शिक्षालयले २० औं राष्ट्रिय धान दिवस मनाएको छ । सो अवसरमा जीतपुरसिमरा उपमहानगरपालिकाका नगर प्रमुख राजन पौडेलले धानलाई बढी सिँचाइ चाहिने हुनाले यसपालीको वजेटमा नगरले कृषि सिँचाइलाई बढी जोड दिएको बताए।

उनले कृषि विद्युतीकरणमा धेरै बजेट विनियोजन गरेको साथै युवालाई रोजगारी दिन पनि कृषिमा बजेट विनियोजन गर्न जरुरी रहेको उनले जिकिर गरे । धान दिवसकै अवसर पारेर जनता माध्यामिक विद्यालय कृषि प्राविधिक शिक्षालयले विद्यालयका शिक्षक, कर्मचारी तथा विद्यालय व्यवस्थापन समितिलगायतलाई प्रशंसापत्र वितरण गरेको थियो ।

कार्यक्रममा उपप्रमुख भोलाप्रसाद अधिकारी, शिक्षा महाशाखा प्रमुख शिवजी प्रसादलगायतको उपस्थिति रहेको थियो । कृषिमा आत्मनिर्भर हुन् र किसानको मनोबल उच्च राख्न सरकारले २०६१ मंसिरमा निर्णय गरी २०६२ सालदेखि नेपालमा धान दिवस मनाउन थालेको छ।

# एनसेलको थप शाखा लहानमा

**टुडे समाचारदाता**

लहान । एनसेल आजियाटा लिमिटेडले लहानको शहिद चोकमा आफ्नो नयाँ सेन्टर सञ्चालनमा ल्याएको छ ।

ग्राहकलाई एकै स्थानबाट विभिन्न सेवा प्रदान गर्दै ग्राहकलाई विश्वस्तरीय सेवा सुविधाको अनुभव प्रदान गर्ने उद्देश्य सहित उक्त सेन्टर सञ्चालनमा ल्याएको बताइएको छ ।

एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभले एक कार्यक्रम माझ बिहीबार उक्त एनसेल सेन्टरको उद्घाटन गरेका छन् ।



शुक्रबारदेखि यो सेन्टर सबै ग्राहकलाई सेवा प्रदान गर्ने गरी पूर्ण रूपमा सञ्चालनमा आएको कम्पनीले बताएको छ । आफ्नो ब्राण्ड बाचा 'आज, भोलि, सधैं सँगै' अनुरूप स्थापना गरिएको यस नयाँ एनसेल सेन्टरबाट ग्राहकले एनसेलका सेवा तथा सुविधाहरूका बारेमा सोधपुछ गर्न, सिम खरिद गर्न, इन्टरनेट सेटिङको जानकारी लगायत विभिन्न कर्पोरेट सेवाहरू समेत लिन सक्छन् । यसैगरी,ग्राहकहरूले यस सेन्टरबाट आफ्नो सिम फोरजीमा अपग्रेड गर्ने, सिम तथा मोबाइल नम्बर परिवर्तन, सिम इ-सिममा अपग्रेड गर्न, सियुजी नम्बरहरूको आवश्यक फेरबदल गर्ने, बिज प्लान, अन्तर्राष्ट्रिय रोमिङ सुरू गर्ने, बिल तिर्ने, ब्यालेन्स रिचार्ज र ट्रान्सफर गर्ने लगायतका अन्य ग्राहक सेवाहरू प्राप्त गर्न सक्छन्।

'हाम्रो मुख्य उद्देश्य भनेको आफ्ना ग्राहकहरूलाई सेवामार्फत धेरै भन्दा धेरै लाभ सिर्जना गर्नु हो।' जाब्बोरले भने 'लहानको यो नयाँ एनसेल सेन्टर ग्राहकलाई स्थानीय स्तरमा विश्वस्तरीय ग्राहक सेवाहरू प्रदान गर्ने हाम्रो प्रतिवद्धता बमोजिम सञ्चालनमा ल्याइएको हो।' हप्ताको सातै दिन बिहान ९ बजे देखि ५:३० बजेसम्म यस सेन्टरले ग्राहकहरूलाई सेवा प्रदान गर्नेछ।

यस अघि एनसेलले विगत १० वर्षदेखि लहानमा आफ्नो पुरानो एनसेल सेन्टरबाट ग्राहक सेवा प्रदान गर्दै आएको थियो।

एनसेलले देशका विभिन्न भागमा ३४ वटा एनसेल सेन्टरहरू सञ्चालन गर्दै आएको छ ।

# बारामा १० प्रतिशत रोपाइ



**टुडे समाचारदाता**

कलैया । बारामा समयमा बर्षात नहुँदा करीब १० प्रतिशत मात्र रोपाइ भएको छ।

यस वर्ष मनसुन ढिला भित्रिएपछि असारको दोस्रो सातासम्म पनि करीब ९० प्रतिशत खेत बाँझै छन् ।

गत वर्ष असारको दोस्रो सातासम्म करीब ३५ प्रतिशत रोपाइ भइसकेको थियो ।

यस वर्ष वर्षा ढिला हुँदा रोपाइ ढिला भएको कृषि ज्ञान केन्द्र बाराका सूचना अधिकारी रामजीवन ठाकुरले बताए । गत वर्ष समयमै वर्षा सुरु भएकाले असारको दोस्रो सातासम्म बारामा ३५ प्रतिशत रोपाइ सकिएको सूचना अधिकारी ठाकुर बताए ।

बारामा करीब ४५ हजार हेक्टर जमिनमा धान खेती हुने गरेको छ।

जसमध्ये हालसम्म करिव साढे ४ हजार हेक्टरमा मात्रै धान रोपिएको छ।

जिल्लामा सोना मन्सुली जातको धान राम्रो उत्पादन हुने गरेको छ।

पछिल्लो समय जिल्लामा भदैया, अघनी,सावित्री, लाल वास्मती, हर्दीनाथ १ जातको धान खेती भइरहेको बताए।

# अमात मन्दिरको अधिवेशन



**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल अमात समाजका शिरोमणि रामजानकी अमात मन्दिरको प्रथम अधिवेशन सम्पन्न भएको छ।

शुक्रबार जनकपुरधामको कलवार कुट्टीको सभाहलमा अधिवेशन सम्पन्न गरिएको छ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल अमात समाज कल्याण समितिका केन्द्रीय सदस्य रामहृदय रायले अमात समुदाय अन्तर्गत रहेको सम्पूर्ण मन्दिरहरुको संरक्षण गर्न हाम्रो जिम्मेवारी रहेको छ।

साथै शिरोमणि रामजानकी अमात मन्दिरको संरक्षणका लागि तिनै तहका सरकारलाई ध्यान दिनुपर्ने बताएका छन्।

कार्यक्रको अध्यक्षता मन्दिरका अध्यक्ष जनक रायले गरेका थिए। कार्यक्रममा धनुषा,महेत्तरी,सिरहाका २५० जना अमात समुदायहरुको सहभागिता रहेको थियो।

"अमात समुदाय नेपालको तराईमा बसोबास गर्ने मानिसहरूको एक जाति हो । यिनीहरू मुख्यरूपमा राय, राउत, मण्डल,विश्वास र अमात्य थर लेख्ने गर्दछन् । अमातलाई "अमात्र" को वाक्यांश पनि भन्न सकिन्छ। अमात जातिको इतिहास मुण्डक उपनिषद् का अनुसार अमात्र ध्यानको चौथो अवस्था हो, जसलाई समाधि पनि भनिन्छ । सरल शब्दमा भन्नु पर्दा, निर्गुण वा अद्वैत इश्वरको पूजा गर्नेहरूलाई "अमात्र ब्राह्मण" भनिन्छ।

# ९१ वर्षीय वयोवृद्धलाई सम्मान

**मनोज माझी**

राजविराज । खेतीका लागि उपयुक्त न रही श्मसान घाटको रुपमा प्रयोग भइरहेको बाँझो जग्गामा अथक मिहिनेतबाट फलफूल खेती लगाउन सफल एक वयोवृद्धलाई सप्तरीमा शुक्रबार सम्मान गरिएको छ।

तिरहुत गाउँपालिका- ४ डिमनका ९१ वर्षीय अयोधि यादवलाई कृषि ज्ञान केन्द्रले एक समारोहकाबीच सम्मान गरेको छ।

राष्ट्रिय धान दिवसको अवसर पारेर आयोजित कार्यक्रममा केन्द्रका प्रमुख राजेन्द्र प्रसाद यादवले अयोधिलाई दोसल्ला र कदरपत्रका साथ सम्मान गरेका छन्।

हैसियत बिग्रेका बाँझो जग्गामा आफ्नो श्रम र पसिनाले उत्कृष्ट व्यवसायिक फलफूल खेती गरेकाले उनको योगदानको उच्च मुल्याङ्कन गरी सम्मान गरिएको केन्द्रका प्रमुख यादवले बताए।

बालीनाली लगाउन उययुक्त नरहेको तिरहुत गाउँपालिका ४ डिमनस्थित १२ बिघा जग्गामा करीब चार दशकदेखि नियमित खटेर विभिन्न जातका फलफूल उनले लगाएका थिए । उनको प्रेरणाबाट अन्य गाउँले पनि बाँझो



छोडिराखेको जग्गामा अहिले फलफुल खेती सुरु गरेका छन्।

पहिले उजाड देखिने गरेको उक्त क्षेत्र अहिले हराभरा र गुल्जार देखिनुको पछाडि अयोधिकै अथक परिश्रम प्रेरणाको श्रोत रहेको डिमनवासीहरु बताउँछन्।

केन्द्रका प्रमुख यादवले अयोधिलाई खुट्टा नै ढोगेर सम्मान गर्न पाउदा आफूले सबै किसानको सम्मान गरेको झै महसुस भएको बताए। सम्मानित अयोधि अहिले पनि खेतीपाति मै लागेका छन्।

यस अवसरमा केन्द्र प्रमुख यादवले कार्यालय परिसरमा नवनिर्मित कृषक प्रतीक्षालय भवनको समेत उद्घाटन गरेका छन्। कार्यक्रममा कृषि विज्ञ डा.देवनाथ यादव, बालि अधिकृत किसुनदेव राउत, दिनेश यादव, राष्ट्रिय कृषक महासंघका केन्द्रीय सदस्य सुमिन्द्रा चौधरी, गैसस महासंघ मधेश प्रदेशका कोषाध्यक्ष लक्ष्मण यादव, राष्ट्रिय कृषक महासंघ मधेश प्रदेशका सचिव भूपेन्द्र प्रसाद यादव, पत्रकार चन्दन यादव, कृषि विज्ञ एवं राजनीतिकर्मी विकास तिवारी लगायतले शुभकामना दिंदै कृषि प्रधान मुलुक भनिए पनि कृषि क्षेत्रमा सरकारबाट सो अनुसारको लगानी नभएको भन्दै सरकारको ध्यानाकर्षण गराएका थिए।

# श्रद्धाञ्जली सभा

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ धनुषा शाखाले श्रद्धाञ्जली सभा गरेका छन्।

महासंघका पूर्व सह सचिव रामचन्द्र मण्डलको निधनमा उनीहरुले जनकपुरधामको जनक चोकमा श्रद्धाञ्जली सभा गरेका छन्।

सरोजकुमार चौधरीको अध्यक्षतामा सम्पन्न सो श्रद्धाञ्जली सभामा प्रथम उपाध्यक्ष प्रकाश धमला, द्वितीय उपाध्यक्ष श्रवण यादव, सचिव प्रेमचन्द्र शिवहरे लगायत सदस्य हिराजी साहु, जयप्रकाश यादव, भरत अधिकारी लगायतको उपस्थिति रहेको थियो।



कोणसभामा स्वर्गीय मण्डलको जीवन शैलीबाट आफूहरु प्रभावित भएको र उनको दिनचर्यावाट सिक्नुपर्ने बताएका थिए।

## नेपाली युवाद्वारा युरोपको सर्वोच्च शिखर एलब्रसको सफल आरोहण

काठमाण्डु। नेपाली युवा प्रकाशराज पाण्डेले युरोपको सर्वोच्च शिखर माउन्ट एलब्रस हिमाल सफल आरोहण गर्नुभएको छ। यही जुन २९ तारिखका दिन बिहान ९बजे उहाँले रुसमा रहेको उक्त हिमाल आरोहण गर्नुभएको हो। पाण्डेले एलब्रसमा नेपालको राष्ट्रिय झण्डासमेत फहराउनु भएको थियो। उक्त हिमाल पाँच हजार छ सय ४२ मिटर अग्लो छ।


उहाँले सातै महादेशका उच्च हिमाल आरोहण गरी सेभेन समिट पूरा गर्ने लक्ष्यका साथ जुन २१ मा रुस प्रस्थान गर्नुभएको थियो। पाण्डेले आरोहण गर्नुभएको उक्त हिमाल युरोपको सबैभन्दा अग्लो चुचुरो हो। अब युरोपको सफल आरोहण सम्पन्न भएसँगै अफ्रिकाको अग्लो चुचुरो किलिमाञ्जारो हिमाल आरोहणका लागि त्यसतर्फ प्रस्थान गर्ने उहाँले बताउनुभयो।रासस

# बैंकद्वारा मटाटालाई आर्थिक सहयोग

**टुडे समाचारदाता**

काठमाण्डु । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले साथ हकुना मटाटालाई आर्थिक सहयोग गरेको छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत करीब एक दशकदेखि अबोध बालबालिकालाई लालनपालन, स्वास्थ्य उपचार, शिक्षा, मनोरंजन प्रदान गर्दै आएको साथ हकुना मटाटालाई आर्थिक सहयोग गरेको छ।

बैंकले साथलाई एक लाख बत्तिस हजारको चेक हस्तान्तरण गरेको छ । साथले सीमान्तकृत समूहका बालबालिकालाई हेरचाह गर्दछ । जहाँ आर्थिक रूपमा बिपन्न र शारीरिक अपाङ्गता भएका बालबालिकाहरूलाई




उचित शिक्षा र स्वास्थ्य उपचार प्रदान गर्न मद्दत गर्दछ । बचत खाता खोलि वार्षिक रूपमा निश्चित रकम जम्मा गर्ने गर्दछ । सोही रकमबाट उक्त बालबालिकाहरुको शिक्षा, स्वास्थ्य लगयतका अवश्यक क्षेत्रमा प्रयोग गर्दछ।

एक समारोहका बीच बैंकले एक लाख बत्तिस हजारको चेक साथका कार्यक्रम प्रबन्धक समिक्षा शर्मालाई हस्तान्तरण गरेको छ। साथ हकुना मटाटामा रहेका ११ जना बालबालिकाको शिक्षा तथा स्वास्थ्य उपचारमा उक्त रकम खर्च गर्ने कार्यक्रम प्रबन्धक समीक्षा शर्माले जानकारी दिइन्।

## दुर्घटनामा एकको मृत्यु, एक घाइते

**टुडे समाचारदाता**

मलंगवा। मलंगवा नगपालिका-४ सर्लाही क्याम्पस अगाडि शुक्रबार साँझ मोटरसाइकल र साइकल ठोकिँदा एक जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन्।

दुर्घटनामा मोटरसाइकल चालकको मृत्यु भएको छ। अन्दाजी ३० वर्षको जस्तो देखिने मोटरसाइकल चालकको नाम, ठेगाना खुल्न सकेको छैन्। दुर्घटनामा गम्भीर घाइते साइकल यात्री चक्रघट्टा गाउँपालिका ८ का ३६ वर्षीय ममताज अन्सारीलाई मलंगवामा सामान्य उपचार गरी थप उपचारका लागि वीरगन्जतर्फ रेफर गरिएको छ। उनको अवस्था पनि चिन्ताजनक रहेको प्रहरीले जनाएका छन्। साँझ सबा ५ बजेतिर बीआर ३० एच ४२४१ नम्वरको मोटरसाइकल र साइकल आपसमा ठोक्किएर दुर्घटना भएको छ।

युवकको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवामा राखी परिचय खुलाउन प्रहरी परिचालन गरिएको सर्लाही प्रहरीका निमित्त प्रमुख डीएसपी दीपेन्द्र पंजियार थारुले बताए।

# छात्रवृत्ति योजना

**टुडे समाचारदाता**

जनकपुरधाम । माइपे डिजिटल वालेटले मासिक ५ हजारसम्मको 'माई फस्ट डिजिटल वालेट' छात्रवृत्ति योजना सार्वजनिक गरेको छ । युवाहरुमाझ लोकप्रिय यस वालेटले एसइइ उत्तीर्ण भएका एकसय जना विद्यार्थीहरुलाई उक्त छात्रवृत्ति प्रदान गर्ने भएको छ।

एसइइ पास गरेका विद्यार्थीहरुलाई डिजिटल माध्यमबाट कारोबार गर्न प्रोत्साहन गर्ने उद्देश्यले यो छात्रवृत्ति योजना ल्याइएको माइपेका प्रमुख कार्यकारी अधिकृत मनोज मेहताले जानकारी दिए।

'नवीन प्रविधिलाई युवाहरुले नै सबैभन्दा पहिले आत्मसात गर्न सक्दछन्,' मेहताले भने, 'त्यसैले हामीले उनीहरुलाई डिजिटल




प्रविधिप्रति बेलैमा आर्कषित गरी डिजिटल साक्षरता दिन सके डिजिटल नेपालको सपनालाई साकार पार्नसमेत सहयोग प्राप्त हुने छ ।' उनी यस कार्यक्रमको शुरुवात गर्न पाउँदा निकै उत्साहित रहेको समेत बताए। यस छात्रवृत्ति कार्यक्रममा जम्मा एक सय विद्यार्थीहरु लाभान्वित हुनेछन् । जसमा ९९ जना विद्यार्थीले मासिक पाँच सयका दरले एक वर्षसम्म र एकजना विद्यार्थीले मासिक ५ हजारका दरले एक वर्षसम्म छात्रवृत्ति प्राप्त गर्न सक्नेछन्।


## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख। |
| बृष | : बौद्धिक क्षमता। |
| मिथून | : भ्रमण अवसर हुने। |
| कर्कट | : शिक्षामा उन्नति। |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख। |
| कन्या | : नयाँ कार्य हुने। |
| तुला | : वाद विवादबाट बच्नु। |
| वृश्चिक | : सुख समृद्धि हुने। |
| धनु | : अवसर प्राप्त। |
| मकर | : धन बृद्धि सञ्चय। |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ। |
| मीन | : प्रतिभा सम्पन्नता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# अन्न भण्डार मानिने स्थानमा अकाशे पानीको भरमा रोपाइँ



***कूल खेतीयोग्य जग्गामध्ये गत वर्ष यही समयमा सिरहाका अधिकांश स्थानमा रोपाइँ सुरु भइसकेको थियो। फाटफुटरूपमा सरकारी र निजी स्तरबाट गाडिएको स्यालो टयुवेलबाट विद्युतीय मोटर र दमकलबाट पानी तानेर खेती भई रहे पनि पानी नपरेपछि अधिकांश भूभागमा अझैसम्म धान रोपाइँ हुन सकेको छैन।***

गोलबजार। नेपालको अन्न भण्डार मान्ने चुरे पहाडदेखि तलको भागमा अकाशे पानीको भरमा किसान धान खेती गर्न बाध्य रहेको छ भएका छन्। सिरहा जिल्लामा कूल खेतीयोग्य जग्गा ७३ हजार हेक्टर क्षेत्रफलमध्ये धान रोपाइँ ५४ हजार हेक्टर क्षेत्रफलमा हुँदै आएको छ। त्यसमध्ये हालसम्म आठ प्रतिशत पनि धान रोपाइँ हुन सकेको छैन। सिँचाइ सुविधा ३९ हजार हेक्टर क्षेत्रफल जमिनमा मात्र उपलब्ध रहेको जसको मूल स्रोत स्यालो ट्युवेल रहेको कृषि ज्ञान केन्द्रले जनाएको छ।

कूल खेतीयोग्य जग्गामध्ये गत वर्ष यही समयमा सिरहाका अधिकांश स्थानमा रोपाइँ सुरु भइसकेको थियो। फाटफुटरूपमा सरकारी र निजी स्तरबाट गाडिएको स्यालो ट्युवेलबाट विद्युतीय मोटर र दमकलबाट पानी तानेर खेती भई रहे पनि पानी नपरेपछि अधिकांश भूभागमा अझैसम्म धान रोपाइँ हुन सकेको छैन।

मनसुन सुरु भए पनि हालसम्म पर्याप्त पानी परेको छैन। केही दिनअघिदेखि हल्का पानी परे पनि रोपाइँका लागि पानी पर्याप्त हुन नसकेको किसानले बताएका छन्। पानी नपर्दा रोपाइँ गर्न नसकिएको भगवानपुर गाउँपालिका-३ कृषक पप्पुकुमार यादवले बताउनुभयो। गत वर्ष यहीं समयमा २५ प्रतिशत रोपाइँ भएको उहाँले जानकारी गराउनुभयो।

यो वर्ष धान उत्पादनसमेत घट्ने सिरहा नगरपालिका- १५ का कृषक ब्रह्मदेव यादवको गुनासो थियो। उहाँले भन्नुभयो, "विगत वर्षमा यो बेलासम्म रोपाइँ गर्दा धान हरियो भइसक्थ्यो भने रोपाइँ पनि अति तीव्ररूपमा हुन्थ्यो। यो वर्ष कहिले रोपाइँ हुने हो थाहा छैन।" "समयमै धान रोप्न नपाउँदा धान उत्पादनसमेत घट्न सक्ने भन्दै कृषक चिन्तित बनेका छन्।"

गत वर्ष यही समयमा २२ प्रतिशत रोपाइँ भइसकेकामा यो वर्ष अधिकांश स्थानमा रोपाइँ नै सुरु हुन नसकेको कृषि ज्ञान केन्द्रका प्रमुख नरेन्द्र महासेठले बताउनुभयो। उहाँले भन्नुभयो, "यो वर्ष पानी परेको छैन, किसानले बनाएका धानको ब्याड केहीँ सुक्न थालेका छन्। पानी परेको भए किसानले जेठको अन्तिम सातादेखि नै रोपाइँ सुरु गर्थे।" अकाशे पानीको भर पर्दा रोपाइँ नै हुन नसकेको केन्द्रको भनाइ थियो।

**शुक्रबारदेखि पानी छाड्दै कमला नहरमा**

कमला नहरमा असार १५ को अवसर पारेर विधिवत् पूजा गरी नहरमा पानी छाडिने धनुषाको पोर्ताहास्थित कमला सिँचाइ व्यवस्थापन कार्यालयका प्रमुख वीरेन्द्र यादवले बताउनुभयो। पहिला साउन १ गतेदेखि नहरमा पानी छाड्ने गरिन्थ्यो। गत वर्ष पनि १४ असार नहरमा पानी छाडिएकामा बर्सात्को समयमा बाह्र हजार पाँच सय हेक्टर खेतीयोग्य जग्गामा सिँचाइ हुँदै आएको थियो। सुक्खा याममा कमला नदीमा पानी कम हुने भएकाले आयोजनाले लक्ष्यअनुसार सिँचाइका लागि पानी उपलब्ध गराउन नसकिरहेको उहाँको भनाइ थियो।

नहरमा पानी आउने सुनिश्चत भएपछि विष्णुपुर गाउँपालिका-४ थल्हाका राधेश्याम यादवले भने अब नहर छेउको जग्गामा धान रोपाइँ चाँडै सकिने बताउनुभयो।

कमला सिँचाइ व्यवस्थापन कार्यालयले कमला नदीबाट निकालिएको नहरबाट कर्जनहा नगरपालिका, मिर्चैया नगरपालिका, सिरहा नगरपालिका, सुखिपुर नगरपालिका, अर्नामा गाउँपालिका, औरही गाउँपालिकाकाकेहीँभागरविष्णपुर गाउँपालिका, कल्याणपुर नगरपालिका अधिकांश भागमा सिँचाइ हुने गरेको छ। रासस

# ओइल्याउँदै ओल, निरास किसान



महोत्तरी। "आब बुझाइय जे ओल सेहो जवाफ दरहल अई" (अब लाग्छ, ओलले पनि जवाफ दिँदैछ) यसपालि समयले कुनै बालीलाई राम्रो तुक (साथ) नदिँदा ओलमा मन अड्याउनुभएका महोत्तरीको भङ्गाहा-४ प्रेमनगरका किसान जवाहर महतोले ओइल्याउँदै गएका ओलका बोट देखाउँदै भन्नुभयो। कम चिस्यानमै लहलहाउने ओलसमेत खडेरीले ओइलिन थालेपछि यसपालि अब कुन बालीले गुजारा चलाउने भन्ने महतोको चिन्ता छ।

एउटा बाली नभए यसले त केही होला कि भन्ने आश पालेका किसानलाई यसपलि ओलले पनि निरास बनायो। यसपालिको लामो खडेरीले ओलका बोट पहेंलिँदै गएर सुक्न थालेपछि महतोसहितका ओल किसान अहिले गुजाराको चिन्ताले पिरोलिएका छन्।

"भदैया धानके बिया जैरगेल, लत्ती तरकारी सेहो नई उग सकल, आब देखैछी जे ओल सेहो मुर्झारहल अई" (बर्खे धानको बीउ ब्याडमै डढ्यो, लहरे तरकारी पनि हुर्कन, बढ्न सकेनन्, अब त ओल पनि ओइलिन थाल्यो) जवाहरकै छिमेकी अर्का किसान रामविलास महतो पनि बिरक्तिदै भन्नुहुन्छ, "आब अईबेर घरपरिवारक प्रतिपाल केना होयत ?" (अब यसपालि जहान परिवारको पालन कसरी होला)। असार दोस्रो साता बित्नै लाग्दासम्म पनि माटो गालेर पानी नपरेपछि किसान यसपालि ठूलो अनिकाल त पर्ने होइन भन्ने चिन्तामा छन्।

मधेशमा तरकारी फसलमा गनिने ओल यहाँका किसानको राम्रो आम्दानीको स्रोत रहँदै आएको थियो। पाखो जग्गाको अलि बलौटे जग्गामा पनि कम चिस्यान मैं हुने ओल खेती पनि यसपालिको खडेरीले खाएपछि किसान बिलखबन्द परेका देखिन्छन्। पछिल्ला केही दशकयता निकै फस्टाएको यो खेती यसपालिको लामो खडेरीले खाएपछि 'अब चैं के गर्ने होला ?' भन्ने आम किसानको चिन्ता छ। "थोरथार झार्झुर पानीमा पनि हुने ओलसमेत पानीबेगर ओइलिने, सुक्ने भएपछि अब के ले उभो लाग्नेहोला ?" भङ्गाहा-४ टोकाटोलका किसान राजकुमार दास भन्नुहुन्छ।

मधेशमा विशिष्ट तरकारी र अचार मानिने ओल राम्रो भाउ (मूल्य) पाइने फसल मानिन्छ। यहाँ (मधेशमा) एउटा कहावत (उखान, आहान, उक्ति) छ, 'भादोके ओल, कि खाए राजा कि खाए चोर' अर्थात भदौको ओल कि राजा कि चोरले नै खान सक्छन्। यो कहावतले नै ओलको महत्व दर्साउँछ। भदौ निगल्दो र असोजमा उत्पादन लिइने ओल अन्य तरकारीभन्दा निकै महगो हुने हुँदा यो हुने खाने र चोरेर खानेले मात्र भेट्टाउँछन् भन्ने कहावत स्थापित भएको हो। पितृपक्ष (असोज कृष्ण पक्ष), दसैँ, तिहार र अन्य पर्व बाक्लै पर्ने बेला उत्पादन लिइने ओल पवित्र मानिन्छ। देवकार्य, पितृकार्य र अन्य शुभअवसरमा ओलको परिकार हुनु यहाँ सम्पन्नतासँग पनि जोडिन्छ। महँगो तरकारी भान्छामा हुनुलाई यहाँ सम्पन्नतासँग जोडिने गरेको हो।

दुई दशकअघिसम्म स्थानीय जातको ओलमात्र प्रचलनमा थियो। घरबारी ओरपर घुऱ्यानमा केही बोट लगाइने ओल निकै सप्रदा एक किलोसम्मको फल लाग्थ्यो। माटोमुनि फल्ने यसले तरकारी र चटनी (अचार) परिकारका लागि परापूर्वकालदेखि नै प्रसिद्धि पाउँदै आएको हो। पछिल्ला केही दशकयता महोत्तरीसहितका मधेशका जिल्लामा यसको व्यावसायिक खेती हुन थालेपछि उन्नत जातका ओल खेती प्रचलनमा आएका छन्। किसानले एउटा ओल सात/आठ किलोसम्मको बाक्लै निकालेका छन्। यहाँको ओलको स्वाद र गुणमा प्रसिद्ध भएपछि पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका बजारमा पुग्ने गरेको छ।

विशिष्ट अतिथिका लागि ओलको तरकारी र चटनी खान दिने र खाने दुबैका लागि विशेष मानिने गरेको भेटिन्छ। ओलको तरकारी वा चटनीसहितको आतिथ्यता ग्रहण गरेका पाहुनाले "आज त ओलको परिकार खाइयो" भनेर दुई/चार ठाउँ बखान गर्नु महोत्तरीसहितका मधेशका सबैजसो जिल्लामा केही वर्ष पहिलेसम्म शानकै कुरा मानिने गरेको बर्दिबास-९ पशुपतिनगरका ८५ वर्षीय नथुनी महतो बताउनुहुन्छ।

"करिब तीन दशकअघिसम्म ओलको परिकार आम सर्वसाधारणको पहुँचमा थिएन, हुने खानेले खान्थे" महतोले भन्नुभयो, "घुऱ्यानमा केही बोट लगाएका गरिबगुरुवालाई त्यो बेचेर कैयौं सामान जोड्ने सपना हुन्थ्यो, आफू नखाइ नखाइ बेच्थे।" तर पछिल्ला कालमा ओलको विकसित जात खेती प्रचलनमा आएपछि यसले सबै वर्गका भान्सामा प्रवेश पाएको महतो बताउनुहुन्छ। बेजोड स्वाद र स्वास्थ्यका दृष्टिले अत्यन्त गुणकारी (स्वास्थ्यवर्द्धक) भएको हुँदा मधेशको भान्सामा यसले विशेष मान र स्थान पाएको जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीका जनस्वास्थ्य निरीक्षक वरिष्ठ स्वास्थ्यकर्मी गिरेन्द्रकुमार झा बताउँनुहुन्छ।

उन्नत जात खेती प्रचलनमा आएपछि अब महोत्तरीसहितका आसपासका जिल्लामा यसले व्यवसायकै आकार लिइसकेको छ। महोत्तरीको उत्तरी क्षेत्रका बर्दिबास, भङ्गाहा, औरही र गौशाला तथा सुदूर दक्षिणपूर्वी मटिहानी नगरपालिका यो खेतीका उर्वर क्षेत्र मानिन्छन्। यी नगरक्षेत्रलाई कृषि ज्ञान केन्द्र कार्यालय महोत्तरी जलेश्वरले ओलको 'पकेट क्षेत्र' नै मान्दै आएको छ। यस क्षेत्रका किसानले ओल खेतीलाई महत्वका साथ नगद आर्जनको मुख्य स्रोत बनाउँदै आएका छन्।

अहिले बारीमा लहलहाउनु पर्ने ओल खडेरीले सुक्दै गएपछि किसानले कैयौं साँचेका सपना मर्दैछन्। चाडपर्वमा जहान परिवारको मुख मिठ्याउने र नानीहरूका कैयौं रहर पूरा गर्ने आश र विश्वास ओलको बोटमै साँचेका किसानलाई अहिलेको यसको अवस्थाले पिरोल्दैछ।

"ओलको बोट देख्दै मन विरक्तिन्छ, अब जहान परिवारको गुजरबसर र विशेष अवसरमा मीठो मसिनो खाने, राम्रो लाउने रहर के हेरेर साँच्नु ?" बर्दिबास-९ पशुपतिनगरकै किसान महेन्द्र कुशवाहा भन्नुहुन्छ, "सबैभन्दा दुख्याहा कर्म नै हामी किसानको रहेछ।"

अन्य अन्नबालीभन्दा बढी उत्पादन दिने , खनेर बाली निकालेपछि लामो समयसम्म नबिग्रने, खनेर खेतबारीमै तल स्याउला ओछ्याएर थुपारेर राख्न मिल्ने र बजार भाउ राम्रो चलेको मौका पारेर बेच्न पाइने भएपछि धेरै किसानको रोजाइमा ओल खेती पर्दै आएको थियो। तर यसपालिको लामो खडेरीले बोट नै बढ्न नपाई ओइल्याउँदै, सुक्दै गएपछि यसले (ओल) पनि मन मारेको किसान बताउँछन्।

पहिले स्थानीय जातको ओल बढीमा एक किलोसम्मको हुन्थ्यो। अनि उत्पादन लिन एक वर्ष कुर्नु पर्थ्यो। तर अब उन्नत जातको भने मौसमको साथ र सम्भारको समन्वय हुनसके चार महिनाभित्रै उत्पादन लिन थालिएको छ। एउटै ओल १० किलोसम्मको फल्ने गरेको कुशवाहा बताउनुहुन्छ। "हामीले १० किलोसम्मको ओल फलायौं, सात/आठ किलोका त बाक्लै निस्कन्थे" कुशवाहा भन्नुहुन्छ, "समयले साथ दिदा प्रतिकठ्ठा २० मन (आठ क्विन्टल) सम्म उत्पादन लिएका छौं।" प्रतिकठ्ठा रु. १० हजारभित्रको लागतमा खेती सकिने ओलबाट ५० हजारमाथि आम्दानी त हेलै (सजिलै) लिदै आइएको कुशवाहा बताउनुहुन्छ। यसपालि भने समय (मौसम) ले साथ नदिदा यो खेतीले धोखा खाइएको कुशवाहाको भनाइ छ।

महोत्तरीको ओल पूर्व मेचीदेखि पश्चिम माहाकालीका बजारसम्म पुग्ने गरेको छ। पछिल्ला पाँच वर्षयता ओरपरका किसानको उत्पादन किनेर पूर्वको काँकरभिट्टा, विराटनगर, धरान, इटहरी र धनकुटासम्म पुऱ्याइएको भङ्गाहा-४ स्थित सीतामाई कृषि सहकारी संस्थाका अध्यक्षसमेत रहनुभएका ओल किसान सत्यनारायण यादव बताउनुहुन्छ। कञ्चनपुरको महेन्द्रनगर, कैलालीको धनगढी र अत्तरीया, रुपन्देहीको बुटवल र चितवनको नारायणगढ बजारमा कैयौं पटक आफ्नो सहकारीले ओल पठाएको यादवको भनाइ छ।

महोत्तरीको माटोमा फलेको ओलको स्वाद पारखीको रोजाइमा परेको हुँदा टाढाटाढाका ब्यापारीले राम्रो भाउ दिएर आफैं आएरसमेत लाने गरेका यादवले बताउनुभयो। यहाँको उत्पादन विभिन्न जिल्लाका सरकारी कृषि कार्यालय, बीउबिजन केन्द्र र सहकारीहरूले पेश्की रकम दिएर नै बीउका लागि मगाउने गरेका उहाँको भनाइ छ। अब यसपालि भने ओल राम्रो उत्पादन हुने छाँट नदेखिएको हुँदा मागअनुसार बजार पुऱ्याउन नसकिने यादव बताउनुहुन्छ।

विषादी प्रयोग गर्न नपर्ने, आफैंले बनाएको कम्पोष्टबाहेक रासायनिक मल पनि नचाहिने, हल्का माटो भिज्ने सिँचाइ भए पुग्ने, अन्य लहरे तरकारी झै चोटिलो पानीले बोट तत्काल नगल्ने र रोपिएको चार महिनाभित्रै उत्पादन लिन सकिने हुँदा यो खेती आम किसानको रोजाइमा पर्ने गरेको हो। माटोमुनि फल्ने स्वास्थ्यको दृष्टिकोणले अति नै लाभदायक र निकै स्वादिलो हुने ओल सामान्यतया सबैको रोजाइमा पर्ने तरकारी हो। रोपिएको ठाउँमा पानी जम्न नदिएर दुई पटकसम्म गोडमेल गरे ओलको राम्रो उत्पादन हात लाग्ने गौशाला-१२ का किसान अरुण कुशवाहा बताउनुहुन्छ। सामान्य सिँचाइमै हुने ओलका लागि पनि यसपालि पानी नभएपछि अन्य बालीको समेत आश मरेको किसान बताउँछन्।

जिल्लामा अहिले ३०० बिघामाथिको क्षेत्रफलमा ओल खेती रहेको कृषि ज्ञान केन्द्र कार्यालय महोत्तरीको अभिलेखबाट देखिन्छ। खासमा गौशाला र भङ्गाहा नगर क्षेत्रका धेरैजसो किसानले मुख्य खेती नै ओललाई बनाएका छन्। ओलखेतीकै आम्दानीबाट घरको सारा खर्च धान्दै आएका किसानलाई यो वर्षभने प्रतिकूल बनेको छ। "यो हाम्रो नगदको जोहोमात्र हैन, घर गुजाराको सबै थोक रहँदै आएको छ" गौशालाको लक्ष्मीनियाँ बस्तीका किसान रामनरेश महतो भन्नुहुन्छ, "चामल, पिठो, मरमसला सबै कुरा ओल बेचेर लिन्थ्यौं, अब यसपालि के गरेर चलाउने होला ?"

प्रत्येक वर्ष चैत/वैशाखमा रोपिने ओल भदौ/असोजभरिमा खनेर निकालिन्छ। किसानले सिँचाइसँगै प्रत्येक नगरमा शीतभण्डार भवनको चाँजो मिलाइदिन आआफ्ना नगर नेतृत्वसँग आग्रह गेरका छन्। सिँचाइ, माटो परीक्षण र उपचार, उन्नत जातको प्रमाणिक बीउ र समयसमयमा कृषि विज्ञ/प्राविधिकको परामर्श सेवा पाउन सके यो खेतीले मन मार्नु पर्ने अवस्था नआउने किसानको विश्वास छ। रासस

# अवरुद्धविहीन बैठक सम्झँदै 'संसद् दिवस'



काठमाण्डु। नेपालमा ६५औं संसद् दिवस शनिबार मनाइँदै छ। विसं २०१६ मा आजकै दिन नेपालको पहिलो 'संसद्' को बैठक बसेको थियो।

'सङ्घीय संसद्को परामर्शदातृ अङ्ग' पूर्वसांसद मञ्च नेपालको आयोजनामा संसद् भवन, नयाँ बानेश्वरमा प्रतिनिधिसभाका सभामुखको प्रमुख आतिथ्यमा सो समारोह आयोजना गरिँदै छ।

संसदीय गतिविधिसम्बन्धी समाचार सङ्कलन गर्ने सञ्चारकर्मीहरूको साझा संस्था 'संसदीय मामिला पत्रकार समाज' को आठौँ अधिवेशन पनि संसद् दिवसकै अवसर पारेर शनिबार नै संसद् भवन, ल्होत्से भवनमा हुँदैछ।

सोही ग्यालरी बैठकमा संसद् का अधिवेशन बस्दै आएकामा संविधानसभा निर्वाचनपछि अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र नै संसद् भवनका रूपमा प्रयोग गरिँदै आएको छ। नयाँ संसद् भवन भने सिंहदरबार परिसरभित्रै निर्माणाधीन छ।

नेपालको पहिलो संसद् को पहिलो बैठक राति ११ बजेर ४५ मिनेटको साइत पारी बोलाइएकामा सभा प्रारम्भ भने ठीक मध्यरात १२ बजे सिंहदरबार स्थित ग्यालरी बैठकमा बसेको इतिहास छ।

डेढ वर्षे अवधिमा बसेको दुई अधिवेशनअन्तर्गत एक बैठकमा एक सांसदले अर्को दललाई लक्ष्य गरी सामान्य आरोप लगाएवापत केही मिनेट अवरुद्ध भए पनि पुनः सञ्चालन भयो, अर्को अवरोध कहिल्यै भएन।

गुणस्तर र अभ्यासका हिसाबले सो संसद् अनुसरणयोग्य भएको 'पहिलो संसद् : बीपी-महेन्द्र टकराव' (साङ्ग्रिला पुस्तक प्रालि, २०७२)का लेखक जगत नेपाल बताउनुहुन्छ।

सो संसद्को बैठक डेढ वर्ष एक सय नौ सांसद निर्वाचनका लागि विसं २०१५ फागुन ७ गते मतदान सुरु भएकामा साढे दुई महिनापछि अर्थात् विसं २०१६ वैशाख २१ गते अन्तिम नतिजा प्रकाशन भएपछि संसद् बैठक सो वर्षको असारमा बोलाइएको थियो।

नतिजानुसार नेपाली कांग्रेसले ७४, नेपाल राष्ट्रवादी गोरखा परिषद्ले १९, संयुक्त प्रजातान्त्रिक पार्टी नेपालले पाँच, नेपाल कम्युनिस्ट पार्टीले चार, नेपाल प्रजापरिषद् (आचार्य)ले दुई र नेपाल प्रजापरिषद् (मिश्र) ले एक स्थान जितेका थिए भने स्वतन्त्र चार जनाले पनि संसद्मा प्रतिनिधित्व गरेका थिए।

प्रथम संसद्ले १८ महिना पार नगर्दै विसं २०१७ मा संसदीय व्यवस्था विघटनपछि मुलुक निर्दलीय व्यवस्था लागु भई एक सदनात्मक राष्ट्रिय पञ्चायतको अभ्यासमा गएको थियो।

छ्यालिस सालको जनान्दोलनबाट प्रजातन्त्र पुनःस्थापना भई प्रतिनिधिसभा र राष्ट्रियसभा नामबाट 'संसद्' को पुनःबहाली भयो। नेपालको अन्तरिम संविधान, २०६३ मा भने 'व्यवस्थापिका-संसद्' नामकरण भएकामा २०७२ को 'नेपालको संविधान' पछि प्रतिनिधिसभा र राष्ट्रियसभासहितको द्विसदनात्मक 'सङ्घीय संसद्' मा रूपान्तरण भएको छ।

सङ्घीय संसद्अन्तर्गत प्रतिनिधिसभामा दुई सय ७५ सदस्य प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीबाट आउँछन् भने राष्ट्रियसभामा निर्वाचित र राष्ट्रपतिबाट मनोनीत गरी ५९ सदस्य रहन्छन्। समानुपातिक र समावेशिताका सिद्धान्तका आधारमा संसद् सदस्यले विविधतायुक्त नेपाली समाज एवं जनमतको प्रतिनिधित्व गर्दैआएका छन्। रासस

# नारायणगढ-मुग्लिन राजमार्गमा भीषण पहिरो, दुःखै दुःखमा यात्रु

काठमाण्डु। काठमाण्डूबाट झापा जान लागेका यात्रु सन्तोष लामा बिहीवार राति ८ बजे देखि जाममा परेका छन्। उनले जाममा परेका कारण सुत्न र खान समस्या भएको र गर्मीले निकै सताएको बताए। सुत्नको लागि होटलमा कोठा नपाएपछि बसमा नै रात काटेको उनको भनाइ छ।

नारायणगढ-मुग्लिन सडकमा खसेको पहिरोका कारण लामा जस्ता हजारौँ यात्रु सडकमा अलपत्र परेका छन्। त्यस्तैमध्ये अर्की हुन् काठमाण्डूबाट धनगढी जान हिँडेकी पूजा पाण्डे। उनी बिहीवार साँझ ७ बजे देखि जाममा परेकी छन्।

उनी सवार जीप मुग्लिन आइपुग्दा रातको २ बजेको थियो। होटलहरू सबै बन्द भएका कारण खान र सुत्न समस्या भएको उनले बताइन्। जीपमा नै रात कटाएकी उनले सडकमा बस्दा शौचालय जान पनि समस्या भएको बताइन्।

बिहीवार अपराह्नबाट गएको पहिरोका कारण नारायणगढ मुग्लिन सडक बन्द पूर्ण रूपमा अवरुद्ध भएको र त्यसले गर्दा मुलुकलाई राजधानीसँग जोड्ने लाइफलाइन मानिएको उक्त राजमार्गमा ठूलो सङ्ख्यामा सवारी साधनमा रहेका यात्रु अलपत्र परेको अधिकारीहरूले बताएका छन्।

तुईन खोला नजिकको पहिरोका कारण बिहीवार दिउसो एक बजेदेखि रोकिएको आवागमन शुक्रवार साँझबाट आंशिक रूपमा खुलेको छ। सो सडक खण्डमा हजारौँ यात्रुहरूले सास्ती खेप्नुपरेको बताइएको छ।

**पहिरोको प्रभाव कति?**

चितवन ट्राफिक कार्यालयका प्रमुख राजकुमार तामाङका अनुसार शुक्रवार साँझबाट एकतर्फी रूपमा बाटो खुलेको भएपनि राजमार्ग सहज भइसकेको छैन्। उनले भने, "अहिले आंशिक मात्रै बाटो खुलेको छ। पहिरो झर्ने क्रम रोकिएको छैन। त्यही भएर १० मिनेट चल्ने र १० मिनेट बाटो अवरुद्ध हुने क्रम चलिरहेकै छ।"

उनका अनुसार बाटो नै अवरुद्ध हुने गरी 'व्यापक परिमाणमा' सवारी साधनहरू सडकमा रहेका छन्। उनले भने, "बाटो नै अवरुद्ध हुने गरी धेरै मात्रामा सवारी साधनहरू छन्। अनुमान गर्न सकिँदैन तर व्यापक मात्रामा गाडीहरू सडकमा रोकिएका छन्।"

बाटो बन्द हुँदा काठमाण्डूबाट हिँडेका सवारी साधन मलेखुदेखि नै रोकिएका थिए। पोखराबाट आइरहेका सवारी साधन आँबुखैरेनीमा रोकिएका छन् भने नारायणगढबाट हिँडेका सवारी साधन रामनगर, आँपटारी, रत्ननगर र लोथरमा रोकिएको जिल्ला प्रहरी कार्यालय प्रहरी उपरीक्षक रामेश्वर कार्कीले बीबीसीलाई बताए।

चितवन ट्राफिक कार्यालयका प्रमुख तामाङका अनुसार जाममा परेका सवारी साधनहरूलाई व्यवस्थापन गर्न अर्को चुनौती देखिनसक्छ। उनले थपे, "कैयौं मालवाहक सवारी साधन र पुराना सवारी साधनहरू पनि रोकिएका छन्। कुनै एउटा पनि यस्तो अवस्थामा सडकमा बिग्रियो भने सडक खुलाउन त्यसले नयाँ चुनौती थप्छ।"

मुग्लिनदेखि साढे दुई किलोमिटर नारायणगढतर्फ सडक माथिबाट ठुलो ढुङ्गै ढुङ्गाको पहिरो झर्ने क्रम निरन्तर रहेका कारण सडक खुलाउन समय लागेको नारायणगढ मुग्लिन सडक आयोजनाका प्रमुख किरण कार्कीले बताए। उक्त सडक राति खुलाउन सम्भव नभएपछि बिहानदेखि सडक खुलाउने काम भएको हो।

**सडक खुलाउने प्रयास कस्ता?**

मुग्लिनतर्फबाट दुई र नारायणगढतर्फबाट दुई गरी चारवटा डोजरले पहिरो हटाउने काम गरेका थिए। केही दिन यताको अविरल पानीले उक्त उक्त स्थानमा पहिरो झरेको हो। यसपालि उक्त सडकको २० स्थानमा पहिरो नियन्त्रणको काम भइसकेको र नयाँ नयाँ स्थानमा पहिरो जाँदा समस्या भएको आयोजना प्रमुख कार्कीले बताए।

हाल उक्त सडकको चार पाँच स्थानमा पहिरोको जोखिम रहेको र उक्त स्थानहरूमा दीर्घकालीन रूपमा पहिरो नियन्त्रणको लागि अनुगमन भइरहेको उनले बताए। घण्टौँदेखि सडक बन्द भएपछि बसहरूलाई बजार क्षेत्र र ट्रकहरूलाई अन्य स्थानमा रोकेर राखिएको प्रहरीले जनाएको छ। बीबीसी

## ललिता निवास प्रकरण

# बन्दीप्रत्यक्षीकरणमा कारण देखाउ आदेश जारी

काठमाण्डु। सर्वोच्च अदालतले ललिता निवासको जग्गा हिनामिना प्रकरणमा पक्राउ परेका तीन जनाले दायर गरेको बन्दीप्रत्यक्षीकरणको रिटमा कारण देखाउ आदेश जारी गरेको छ। सर्वोच्च अदालतका प्रवक्ता विमल पौडेलले उक्त रिटमाथि आज सुनुवाई गर्दै सर्वोच्चबाट के, कसो भएको हो ? आधार, कारण र प्रमाणसहित पेश गर्नेगरी कारण देखाउ आदेश भएको जानकारी दिनुभयो।

प्रहरीको सिआइवीले पक्राउ गरेपछि यही असार १३ गते पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाह, भाटभटेनी सुपर मार्केटका सञ्चालक मीनबहादुर गुरुङ र मालपोत कार्यालयका पूर्वकर्मचारी धर्मप्रसाद गौतमका तर्फबाट बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दर्ता भएको थियो। उक्त रिटमाथि आज सुनुवाई गर्दै सर्वोच्चले भनेको छ, "यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने मनासिब आधार, कारण र प्रमाण भए सो समेत खुलाई यो सूचना म्याद प्राप्त भएको मितिले बाटाको म्याद बाहेक २४ घण्टाभित्र कागज प्रमाणसहित महान्यायाधिक्ताको कार्यालयमार्फत् लिखित जवाफ पेश गर्नू।"

अर्का गोपाल कार्कीसहित चारजनालाई यही असार १२ गते प्रहरीले पक्राउ गरेको थियो। १३ गते अदालतमा पेश गरिएकामा काठमाडौँ जिल्ला अदालतले सात दिन हिरासतमा राखेर अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिइसकेको छ। त्यही दिन नै उनीहरु बन्दीप्रत्यक्षीकरणको रिट लिएर अदालत पुगेका थिए। सर्वोच्चबाट 'स्टेअडर' ल्याएको पाइएपछि पक्राउ परेका अन्य कलाधर देउजा, सुरेन्द्रमान कपाली र हुपेन्द्रमणि केसीलाई कागज गरेर छाडिएको थियो।

विसं २०४९ देखि २०६९ सम्ममा सरकारको स्वामित्वमा रहेको बालुवाटारस्थित ललिता निवासको जग्गा विभिन्न व्यक्तिका नाममा नामसारी भएको फेला परेपछि सोही प्रकरणमा प्रहरीको केन्द्रिय अनुसन्धान व्यूरो (सिआइवी)ले अनुसन्धान गरिरहेको छ।रासस

- हाम्रो सभा प्रतिवद्धता, पूर्ण सरसफाईमा ऐक्यवद्धता
- सफा घरआगन, चर्पी, खाना र पानी
- नियमित गरौं हात धुने बानी

मधेश प्रदेश
उर्जा सिंचाई तथा खानेपानी मन्त्रालय
जनकपुरधाम, धनुषा

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## कविता

म राजा बन्छु, तिमी रानी बन्नु है !
तिमी नै मेरो जिन्दगानी बन्नु है !!
भाग्य को मात्र, भरमा पर्दै नपरी !
मेरो प्रेमको तिमी, आम्दानी बन्नु है !!
देखेर जीवन जिउने चाह बढोस !
मरुभुमी मा पिउने पानी बन्नु है !!
रिस, राग, लोभ छैन, मात्र प्यार छ !
तिमी सदैव यस्तै, ज्ञानी बन्नु है !!
देख्नेले आहा भनुन, छक्क परुन !
पवित्र प्रेमको तिमी, निशानी बन्नु है !!
म तिमीमा, प्रेमको वर्षात गर्नेछु !
तिमी प्यारै प्यारको खानी बन्नु है !!
म राजा बन्छु, तिमी रानी बन्नु है !
तिमी नै मेरो जिन्दगानी बन्नु है !!



**सुनिल प्रेम सहयात्री**
**श्री उ मा बि प्रितपुर पर्वता ९ धनुषा**
**हाल :- धनुषाधाम न पा ५ पर्वता धनुषा**

## असल किसान कहाँ??

असल किसान रोडमा
माननीय किसान फोटो लिने मूडमा।।१।।
वर्षो अन्न,बाली उब्जाउने गोठमा
जनताको कर खाने सबै करोडमा।।२।।
कृषिप्रधान देश विदेशको भरमा
नेताहरुको चम्चा कमिसनको बलमा।।३।।
यता,सिचाई ,मल नपाएर खेत बाँझो छन्
उता,माननीय किसानलाई सेल्फीको खांचो छन्।।४।।
अषाडे १५ , मनाउने नाटक खेतमा हुन्छ
रक्सी चढाउने भेट पाच तारे होटलमा हुन्छ ।।५।।



**लेखक: उज्ज्वल झा (निकेत)**
**अध्यन: स्नातक दोस्रो वर्ष जारी**
**अस्थायी ठेगाना: जनकपुरधाम- ४**

## चाइर दिन के प्यार

कभितो नफरत कभितो प्यार
जीवन भगेल हमर बेकार
आहा सच्चा प्यार् करनै सकैछी
त कइला केली हमरा स्वीकार
आहा के नफरत मे भी लगैछेल हमरा प्यार
कभितो नफरत कभितो प्यार
आहा सच्चा प्यार् करनै सकैछी
त कइला केली हमरा स्वीकार
आहा हमरे नै अपनो जीवन करइ छि बेकार
चाइर दिन मे दिलसे निकैल देली जेना निकलै हय ढेकार
आहा सच्चा प्यार् करनै सकैछी
त कइला केली हमरा स्वीकार
पहिले दिन आहाके लागि रहि हम संसार
आब देख के करैछि हमरा इन्कार
केकरो साथ निभाब्ब नै सकैछी
त करु नइ केकरो जिन्दगी बेकार



**रचनाकार :- राधेश्याम राउत (सुर्या बाबु)**
**भाषा:- मगही**
**ठेगाना :- जनकनन्दनी गा. पा. ण्छ**
**हाल :- रा.रा.ब. क्याम्पस**

## गजल

एउटा छुट्टै कथा लेख्नुछ,
छुट्टै एउटा कहानी लेख्नु छ,
मेरो सास नछोड्नु है जिन्दगी ,
रात पछिको सुन्दर विहानी लेख्नुछ ।



**लेखक: अजय यादव (म्यानेजर)**
**मिहीलाल् international हस्पिटल जनकपुर**

## ।। सम्झना ।।

मरुभूमि को देश आज लहलहाँउदो छ
कृषिप्रधान देश आज मौलाउँदो छ
आफ्नै देशमा काम पाइन
भित्रिनु पर्यो आज खाडी मुलुक
प्रतिफल दियो खाडी ले
जन्म दियो नेपाली आमाले
खुशी छु म आज तिमि भन्दा धेरै
तिमि हाँस्दा लाग्छ यो खुशी हो मेरै
कमाइ ल्याए खाडीबाट अनि
फेरि फुलाउँछु पिरतिको फुल आफ्नै देशमा
आमाबुवा को आशिर्वाद ले
बच्चाबच्ची को मायाले
शिपको जगेर्ना गर्छु म आफ्नै जन्मभुमिमा
न्यानो अभिवादन नेपाललाई
गोरा र कालाको भेदले
जिउन दिएन खुशीले कसैलाइ नेपाली भँडुवाले
गुहारछु म आज नेपाल आमालाइ
समेटि राख हामी लाइ आफ्नै देशमा
कर्म को पहिचान गराउ आफ्नै धर्म मा बाँच्नु सिकाउ
मिलिजुली एकआपसमा माया र सदभाव साट्न सिकाउ



**प्रमोद राम**
**जनकपुर ९**

## मुक्तक

कोही कसैसँग भेट्दैना प्रेम हुन्छ भने हुदैन
झट केटा र केटी मिल्दैमा प्रेम हुन्छ भने हुदैन
प्रेममा त एक अर्काका लागि कल्याणको कदम चालिन्छ
मेरो त बेग्लै रहेछ भन्दैमा प्रेम हुन्छ भने हुदैन।१।
कसैले कसैलाई मन पराउँछन् सुरुप देखेर
कसैले कसैलाई त सताउँछन् कुरुप देखेर
सम्बन्ध त त्यो नै प्रगाढ हुन्छ यहाँ महोदय
जसले कसैलाई सजाउँछन् स्वरुप देखेर।२।



**प्रमोद महतो**
**बसन्तपुर, सर्लाही**

## उडिरहेका छन् यो मेरो मन

के भयो मलाई,आज यो मन बसमा छैन मेरो
पंख त छैन तरै पनि उडिरहेका छन् मन मेरो।
रियले मायाका दुई शब्द के राखेथ्यो,
यो मन आकाशैमा उड्न थाल्यो।
शब्दका प्रभाव यति धेरै रह्यो
राजनमा यो मन डुब्दै गयो।
रियको भनाइले मनभित्र छोयो,
आँखामा सपना निरन्तर बड्यो,
रियको भनाइले यो मन छोयो।
केहिछणको मिठो बोली कानमा आइपर्यो,
मनलाई खुशी पारी दङ्ग बनाई गयो।
यो मेरो मन आज उडेर गयो।
बादलवारी- बादलपारी गरी
उडिरहेका छन् यो मन आज चरिसरी।
एक ठाउँ पछि अर्को गरी
उडिरहेका छन् यो मन आज चरिसरी।
मिठा- मिठा भावनालाई प्रस्फुतित गर्न
शब्दले पनि दिइरहेका छन् साथ बयान गर्न।
हृदयको कुनाबाट आईरहेका छन् मिठो धुन
त्यस धुनमा मिसिएका छन् प्रियका अविग्न गुण।
नाच्न चाहन्छ आफ्नै गीत को धुनमा मग्न बनि,
बग्न खोज्दैछन् कसैको हाथमा नअडिने गरी।
यो मेरो मन आज उडिरहेका छन्
अविरल गतिमा बगिरहेका छन्
आफ्नै बसमा छैन आज
पंख छैनन् तरै पनि उडिरहेका छन्।
नामःराजन कुमार महातो
घरःक्षिरेश्वरनाथ नगरपालिका सीतानगर-८

"अधुरो माया"

जिउने अधार खोज्दैछु म,उनिबिन पनि
छुट्टै सन्सार सोच्दैछु म,उनि बिना पनि
मलाई पनि रहर थियो,संगै संगै रम्ने
ऐउटा बाटो रोज्दैछु म,उनि बिना पनि
भोक,प्यास,निन्द्रा,छैन पिडाहरु पनि
यै मुटु मा कोच्दैछु म,तिमी बिना पनि
छाडिगयो निर्मोहिले,कस्तो मेरो लेखा
ऐक्लै ऐक्लै भोग्दैछु म,उनी बिना पनि



**लेखक विद्यार्थी :-ध्रुब कुङमहरा**
**ठेगाना :- गनेशमान चारनाथ नगरपालिका बिरेन्द्रबजार ४**

## 'भ्रष्ट नेता को पैसा '

विक्दै छ गाउँ समाजका जनता नेताको पैसाले।
लुकिदै छ गरीब लाचारको न्याय नेताको पैसाले।
घमण्ड गर्दैछ नेताहरू आफ्नो कुर्सीको बलमा।
भ्रष्टाचारी फैलाउदैछ समाजमा नेताको पैसाले।
जनतामा फाइट गराउदै छ नेता कुर्सीको आड्मा।
जनतालाई आफ्नो चालमा फसाउदै छ नेताको पैसाले।
भ्रष्टचार अन्त गर्न अब युवाहरू आइ पुगेको छ।
अब मर्दैन कुनै जनता भ्रष्टाचारी नेताको पैसाले।
युवाहरूको डरले भ्रष्ट नेताहरू लूकिदै छ।
किन कि अब चल्दैन भ्रष्टाचारी कुनै नेताको पैसाले।।



**लेखक- आर के एस पासवान**
**ठेगाना - औरहि -४, सिरहा**

## सम्झियेको मन !

म सभिदै गरेको त्यो मन ।
जहाँ हरेक सङ्हर्श थिये ।
खिच्दै गरेको हरेक पाइलाको त्यहा प्रहल थिये।
नकिन फेर्दै छ त्यो मन मेरो ।
अस्तित्य मै बिलिन ती प्रहल र चाहना हरु ।
म देख्दै गरेको ती हरेक युवामा पलायेका सपना हरु ।
देश छाडी बिल्लिन्न भइ ती सपना हरु ।।
नकिन फेर्दै छ ती सपनाहरू ।।२
अह ! तिमी अडिक छौ आफनो सङ्हर्श मै !!
अडिक छ तिम्रो आश उहीँ ।।
हरेक पाइलाको अडिक मा देखियेको छ ती सपना हरु ।।
सम्भिदै छु तु प्रहर हरु ।।।



**रोशन झा**
**जनकपुर-१७, मनहरपुर**

## गजल

नौ महिना कोखमा राखी मलाइ जन्म दियौ;
ताते ताते भन्दै प्यारो ममतामा हुर्कायौ
दुख पिडा आफु सहि मलाइ फुर्कायौ
मेरो कष्ट हटाइदियौ अघि मलाइ बढायौ
स्कुलमा भर्ना गरि भविष्य यो दियौ
सधै मलाइ खुसि पार्ने कति महान थियौ
आसु तिमि अबबाट नझार है आमा
सधै खुसि ल्याउछु मैले तिम्रो जिन्दगीमा
आमा तिम्रो दुधको भारा भविष्यमा तिर्नेछु
दुखेको त्यो मनलाई फुलाउने प्रयास गर्नेछु
तिम्रो माया बिना कोहि जिउनलाई सक्दैन
संसारमा आमा भन्दा ठुलो कोहि हुदैन
किन्न पनि नपाइने खोज्दा पनि नभेटिने
जति कोसिस गरेपनि भुल्न नसकिन्रे



**नामःआशिस कुमार महतो**

## कविता

लागुपदार्थ नगरौँ सुन्दर जीवनमा
स्वाबलम्बी बनौ बैमनश्य गर्न भुलौ
यो संसारमा जिउने कर्तव्य गरौ
आफूले पाएको जीवन बाँचौ मगनमा
लागुपदार्थ नगरौ सुन्दर जीवनमा।।१।।
लागुपदार्थले असर गर्छ सबैमा
हावा हुरी ल्याइदिन्छ जीवनमा
त्यसर्थः स्वस्थ रहने प्रयास गरौ
देशलाई बचाउने चाहना राखौ ।।२।।
बदल्नुछ हाम्रो जीवन व्यवस्था
बन्नुछ उच्च शिरपोष सगरमाथा
बस मेरा यत्ति कुरा याद गरौ
लागुपदार्थबाट टाढै बसौ।।३।।
सबैजना मिलेर परिवारमा बस्न
आफ्नो जीवनमा सफल हुन
जनचेतनामूलक काम गरौ
लागुपदार्थको अन्त्य गरौ ।।४।।

**पुष्पाञ्जली ठाकुर**
**गाउँः ठाढी**
**श्री जनता नमूना मा.वि गिद्धा-बेलापट्टी**
**कक्षा -१२**

# प्रेमसँग मिलेर एक्सन फिल्म बनाउँदै सन्तोष सेन



काठमाण्डु । 'प्रेमगीत' निर्माता तथा अभिनेता सन्तोष सेन नयाँ फिल्म निर्माणको तयारीमा जुटेका छन् । फिल्म 'प्रेमगीत ४'भन्दा अघि उनले नयाँ नाममा एक्सन फिल्म बनाउन लागेका हुन् । अघिल्लो साता बारा जिल्लामा अवस्थित निजगढको जंगलमा फिल्मको 'एनाउन्समेन्ट' टिजर खिचिएको छ । अबको दुई या तीन हप्तामा टिजर सार्वजनिक गर्दै फिल्मको औपचारिक घोषणा गर्ने तयारीमा सन्तोष छन् ।

फिल्मलाई सन्तोष स्वयंले निर्देशन गर्नेछन् । उनले यसअघि स्व. छेतेन गुरुङसँग मिलेर 'प्रेमगीत ३' निर्देशन गरेका थिए । सन्तोष र अभिनेता प्रेम पुरीले संयुक्त रुपमा फिल्मको निर्माण गर्नेछन् । प्रेमले यतिबेला स्क्रिप्ट लेखनको काम भैरहेको जानकारी दिँदै यो वर्ष छायांकन भ्याएर अर्को वर्ष प्रदर्शन गरिने बताए । फिल्मका लागि अहिलेसम्म कलाकारहरु निश्चित नभैसकेको उनको भनाई छ ।

प्रेमले भने, 'फिल्म एक्सन र लभस्टोरी कथामा बन्नेछ । कथा भने केही वर्ष अगाडिको हुनेछ । अहिले स्क्रिप्ट लेखनकै चरणमा छौं । अबको एक महिनामा थिम टिजर सार्वजनिक गरेर फिल्मको घोषणा गर्नेछौं । सम्भवतः टिजरमा कलाकारको नाम उल्लेख हुन्न । र, टिजरमा कलाकारलाई पनि प्रस्तुत गरेका छैनौं ।' उनले फिल्ममा आफ्नो अभिनय रहने वा नरहने भन्ने निश्चित नभएको बताए ।

निर्माता सेनको कुनै फिल्ममा प्रेम पुरी कलाकारको रुपमा छुट्दैनन् । पहिलो पटक उनीहरुबीच फिल्म निर्माणमा सहकार्य भएको हो । यो फिल्म रिलिजपछि निर्माता सेन 'प्रेमगीत ४' निर्माणको तयारीमा जुट्ने जनाइएको छ । उनले 'प्रेमगीत ३'लाई हिन्दी भाषामा डब गरेर भारतका हलमा समेत प्रदर्शन गरेका थिए । नयाँ एक्सन फिल्मलाई पनि भारतमा प्रदर्शन गर्ने उनको योजना रहेको छ ।

# प्रिमियरमा अञ्जनाको दौडधुप

काठमाण्डु । फिल्म हिट हुनु कलाकारका लागि सानोतिनो उपलब्धि होइन । यसले करिअरलाई मजबूत बनाउँछ । फिल्ममा व्यस्तता बढाउँछ । तर, केहीको हकमा भने यो लागू भएकोदेखिन्न।अभिनेत्रीअञ्जना बराइलीलाई यसको उदारणार्थ दिन सकिन्छ । उनको डेब्यू फिल्म 'महापुरुष' सुपरहिट भएको थियो । उनको अभिनय पनि रुचाइएकै थियो । तर पनि उनको करिअर सुखद देखिएको छैन ।



'महापुरुष'को सफलताले फिल्ममा अञ्जनाको व्यस्तता बढाउनु पर्ने थियो । तर, फिल्म रिलिजको ७ महिना वितिसके पनि उनलाई नयाँ फिल्मबाट प्रस्ताव पुगेको समेत जानकारीमा छैन । बरु उनको व्यस्तता विभिन्न फिल्मको प्रिमियर बढी देखिन्छ ।

यही बुधबार फिल्म 'परस्त्री'को प्रिमियरमा देखिएकी उनी त्यसअघि 'आइ एम टृ वान्टी वान' र 'प्रेमा' फिल्मको प्रिमियरमा पनि देखापरेकी थिइन् । प्रिमियरमा जनाएको उपस्थितिले केही कलाकारको हातमा फिल्म परेको देखिएको छ । अञ्जनाले पनि फिल्मकर्मीको नजरमा पर्न प्रिमियरमा दौडधुप बढाएको हुनसक्ने टिप्पणी भैरहेको छ । 'महापुरुष'पछि उनको हातमा फिल्म नहुनुले पनि यसखालको टिप्पणी भएको हुनसक्छ । उनले केही महिना अगाडि अभिनेत्री वर्षा राउतसँग एउटा हेयर कलरवाला विज्ञापनमा भने काम गरेकी थिइन् ।

उनले 'महापुरुष' टिमकै नयाँ फिल्म 'महाजात्रा'मा काम गर्न सक्ने चर्चा छ । चलचित्र विकास बोर्डमा फिल्म दर्ता गर्दा कलाकारमा उनको नाम राखिएको छ ।

बोर्डमा फिल्म दर्ता गर्दा कलाकारको नाम राख्नुपर्ने हुनाले मात्र उनको नाम चढाइएको हो वा उनको अभिनय पनि रहन्छ, त्यो भने घोषणापछि नै थाहा हुनेछ । यो फिल्ममा जोडिएको अवस्थामा अञ्जनालाई धेरै ठूलो राहत मिल्नेछ ।

# 'लुङा' गीतमा भुवन र साराको प्रेमभाव



काठमाण्डु । आगामी साउन ५ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'लुङा'को गीत सार्वजनिक गरिएको छ । 'अल्लारे जोवन' बोलको रोमान्टिक थिमको गीतमा आयुष प्रधानको स्वर, शब्द रचना तथा संगीत रहेको छ । लिरिकल गीतमा फिल्मका अभिनेता भुवन सिंह राई र अधिनेत्री सारा लोहोरुङ राईबीचको प्रेम, नोंकझोक र परिवारको अवरोधलाई देखाइएको छ । गीतको अडियो पक्ष बलियो छ । किरण राईको निर्देशनमा तयार भएको फिल्ममा बुद्दि तामाङ, भिम शर्मा लिम्बू, प्रकाश दाहाल, अनुप लिम्बू म, सुदीपजंग कार्की, गङ्गा बहादुर राई, सम्झना लिम्बू, रमेश बुढाथोकी, निशान लुइँटेल, स्मृति पोखरेल, सलिना गुरुङलगायतको पनि अभिनय छ । ज्योतिराज राई प्रस्तुतकर्ता रहेको फिल्मको निर्माताामा सञ्जीव राई छन् ।

प्रयास घिमिरे कार्यकारी निर्माता र शान्ता पौडेल, मनिशा पाठक, मेनुका घिमिरे, कैलाश राई र टिआर साम्सोहाङ सह-निर्माता रहेको फिल्मको निर्माणमा भूमिसा प्रोडक्सनले इस्टन मिडियासँग सहकार्य गरेको छ । 'लुङा'मा किरण राईको छायांकन तथा सम्पादन छ । भुवन सिंह राईको लेखन रहेको फिल्मको पटकथा तथा संवाद प्रयास घिमिरे, निश्चल सापकोटा र भुवन स्वयंले लेखेका हुन् ।

# द्विपक्षीय सम्बन्धविस्तारका लागि आपसी चासोलाई ध्यान दिनुपर्छ : उपप्रधानमन्त्री श्रेष्ठ

छेन्दु (चीन)। उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले नेपाल-चीन सम्बन्धलाई अझ प्रगाढ तुल्याउनका लागि द्विपक्षीय चासोका विषयलाई विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभएको छ।

उहाँले बृहत् विकास साझेदारी, सम्पर्क सञ्जाल, वाणिज्य तथा लगानी, संस्कृतिक आदानप्रदान, समुदायस्तरको सहकार्य र अन्य



द्विपक्षीय विषयलाई विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभएको हो।

नेपाल-चीन सम्बन्धका विषयमा सिचुवान विश्वविद्यालयले शुक्रबार आयोजना गरेको कार्यक्रममा मन्तव्य व्यक्त गर्दै उहाँले आगामी दिनमा दुई देशबीचको सम्बन्धमा रचनात्मकता, नीतिगत विश्वसनीयता, प्रतिबद्धतासहितको दृष्टिकोणले मात्र परिणाममुखी सम्बन्ध स्थापित गर्न सकिने बताउनुभयो।

उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "दुई देशको सम्बन्ध ऐतिहासिक र सभ्यतासँगै साथै हाम्रा नेतृत्वको दूरदर्शी दृष्टिकोणले समृद्ध रहँदै आएको छ, यसलाई थप सबल तुल्याउनका लागि गर्नसक्ने धेरै क्षेत्र छन्, तीमध्ये बृहत् विकास साझेदारी, सम्पर्क सञ्जाल बिस्तार, वाणिज्य तथा लगानी, संस्कृतिक आदानप्रदान, समुदायस्तरको सहकार्य र अन्य द्विपक्षीय विषयलाई विशेष जोड दिनुपर्छ।"

विकास साझेदार मुलुकको सहयोगबिना नेपालमा रहेका विकासका अवरोध हटाउन अप्ठ्यारो हुने बताउँदै उहाँले त्यसका लागि सहयोग गर्न आग्रह गर्नुभयो। जलविद्युत्को प्रचुर सम्भावना रहेको नेपालको विद्युत् निर्यात गर्नसक्ने सम्भावना रहेको उल्लेख गर्दै उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "हामीले चीनलाई जलविद्युत् निर्यात गर्न सक्छौँ। यसका लागि चीनले जलविद्युत् उत्पादनमा सहयोग गर्न सक्छ र सीमापार प्रसारण लाइनजस्ता आवश्यक पूर्वाधार निर्माण गरेर आयात गर्न सक्छ।"

नेपाल-चीन सम्बन्धलाई अझ प्रगाढ र सुदृढ बनाउनका लागि दुवै देशका विभिन्न क्षेत्रका नागरिकलाई एकअर्काको देश, राजनीति र सामाजिक व्यवस्था, जीवनशैलीबारे राम्ररी सिक्न र जान्न प्रोत्साहित गर्नुपर्नेमा जोड दिँदै उहाँले दुई देशका सामाजिक एवं सांस्कृतिक मूल्यमान्यताको पहिचानका लागि भइरहेका प्रयास सकारात्मक रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "नेपाल र चीनले आफ्ना ऐतिहासिक र सदाबहादर सांस्कृतिक सम्बन्धको आदानप्रदानलाई सदुपयोग गर्नुपर्छ, साझा नदी र पहाडले मात्र नभई दुई देशबीचको सम्बन्ध साझा संस्कृति र नैतिक मूल्यसँग पनि जोडिएको छ।"

उपप्रधानमन्त्री श्रेष्ठले दुई देशका जनताले बौद्ध शिक्षा र दर्शनलाई उच्च सम्मान गर्ने भएकाले भगवान बुद्धको जन्मस्थललाई केन्द्रमा राखेर धार्मिक पर्यटनलाई थप प्रवर्द्धन गर्न सकिनेमा विश्वास व्यक्त गर्नुभयो।

विश्वका धेरै देशसँग औपचारिक सम्बन्ध स्थापना नहुँदा पनि नेपालले ल्हासामा वाणिज्य दूतावास खोलेर काम गरेको स्मरण गर्दै उहाँले नेपाल र चीनबीचको व्यापारिक सम्बन्ध ऐतिहासिक रहेको उल्लेख गर्नुभयो। उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "नेपालको कूल व्यापारको १४ प्रतिशत हिस्सा ओगट्ने चीन दोस्रो ठूलो व्यापारिक साझेदार मुलुक हो, नेपालमा प्रत्यक्ष वैदेशिक लगानी गर्ने मुलुक हो, यद्यपि अझै धेरै सम्भावना छन्, अझ सहकार्य र साझेदारीका क्षेत्र अपार छन्।"

दुई देशबीचको सम्पर्क सञ्चाललाई अझ सबल बनाउनुपर्नेमा जोड दिँदै उहाँले पोखरा र भैरहवामा व्यावसायिक उडान सञ्चालनका लागि चिनियाँ पक्षलाई आग्रह गर्नुभयो। उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "गत साता सिचुवान एयरलाइन्सले पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा पहिलो अन्तर्राष्ट्रिय चार्टर्ड उडान गरेकामा हामी खुसी छौँ, छेन्दुबाट पोखराका लागि नियमितरूपमा व्यावसायिक उडान सुरु हुनेमा हामी आशावादी छौँ।" उहाँले बेइजिङ, छेन्दु र ग्वाञ्जाओबाहेकका अन्य शहरसँग पनि हवाई सेवा सञ्चालन हुनुपर्नेमा जोड दिनुभयो।

नेपाल र चीनले बेल्ट एण्ड रोड इनिसियटिभ्स (बिआरआई)अन्तर्गत ट्रान्स हिमालयन बहुआयामिक कनेक्टिभिटीमा ध्यान दिएको स्मरण गर्दै उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "हामीले दुई देशबीचको रेलमार्ग, राजमार्ग, हवाईमार्ग, प्रसारण लाइन, बन्दरगाह र अन्य सबै प्रकारका सम्पर्क सञ्जाललाई ध्यान केन्द्रित छौँ।"

दीगो विकासका लक्ष्य भेट्टाउनका लागि नेपाललाई चीनको दरिलो सहयोग आवश्यक रहेको उल्लेख गर्दै उहाँले चीनसँग अझ बलियो र व्यापक विकास सझेदारीको आवश्यकता आफूहरूले महसुस गरेको बताउनुभयो। उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "नेपालको समृद्धिमा चीनले सहयोग गर्न सक्छ, छोटो समयमै अभूतपूर्व विकास र समृद्धि हासिल गर्दै गएकाले यस देशले गरिबीको रेखामुनि रहेका नेपालीलाई सहयोग गर्न सक्छ।"

नेपालले कृषि, उद्योग, सेवा, पूर्वाधार निर्माणलगायत क्षेत्रमा चीनको अतिरिक्त सहयोगको अपेक्षा गरेको उहाँको भनाइ छ। नेपाल र चीनबीचको सम्बन्ध विस्तार हुँदै गएको भएपनि सबन्धलाई जीवन्त तुल्याउनका लागि थप तालमेल, परिणाममुखी र व्यावहारिक बनाउनुपर्नेमा जोड दिँदै उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "सहकार्य जति बलियो हुन्छ, समृद्धि त्यति नै गहिरो हुन्छ, दुई देशबीचको साझा भविष्यका लागि चीनसँग मिलेर जान नेपाल तत्पर छ।" उहाँले विगत वर्षमा दुई देशबाट हुने गरेको उच्चस्तरको भ्रमणबाट सम्बन्धलाई माथि उठाउन र रणनीतिक साझेदारीमा मद्दत पुगेको स्मरण गर्नुभयो।

दुवै देशले शान्तिपूर्ण सहअस्तित्व, पञ्चशीलका सिद्धान्त र एक अर्काको अन्तरिक मामिलामा हस्तक्षेपको नीति अवलम्बन गरेको बताउँदै उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "हामी एक अर्काको सार्वभौमसत्ता, क्षेत्रीय अखण्डता र राष्ट्रिय स्वतन्त्रताको सम्मान गर्छौं। नेपाल एक चीनप्रति प्रतिबद्ध छ, हाम्रो देशको भूमि छिमेकीविरुद्ध प्रयोग हुननदिने हाम्रो स्पष्ट नीति छ।" छेन्दुमा आमन्त्रण गरेर सिचुवान विश्वविद्यालयले दुई देशबीचको सम्बन्धबारे आफ्ना अनुभव राख्ने अवसर दिएको भन्दै उहाँले चीन सरकार, सिचुवान प्राप्त सरकारका उच्च अधिकारीलाई आभार व्यक्त गर्नुभयो।

**उपप्रधानमन्त्री श्रेष्ठसँग सिचुवान विश्वविद्यालय कमिटीका महासचिवको भेट**

जनवादी चीनको भ्रमणमा रहनुभएका उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग चिनियाँ कम्युनिष्ट पार्टी सिचुवान विश्वविद्यालय कमिटीका महासचिव कान लिनले शुक्रबार भेट गर्नुभएको छ।

छेन्दुस्थित सिचुवान विश्वविद्यालयमा भएको सो भेटमा उहाँहरूबीच नेपाल-चीन सम्बन्धका विविध विषयमा छलफल भएको छ। सो अवसरमा उपप्रधानमन्त्री श्रेष्ठले दुई देशको सम्बन्धलाई थप प्रगाढ बनाउन विश्वविद्यालयले खेलेको भूमिकाको प्रंशसा गर्नुभयो।

उहाँले आगामी दिनमा विभिन्नस्तरबाट नेपाल-चीन सम्बन्धलाई बलियो बनाउनुपर्नेमा जोड दिनुभयो। उपप्रधानमन्त्री श्रेष्ठले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय एकताको पक्षमा चीन सदैव उभिँदै आएको स्मरण गर्दै नेपालको विकासमा चीनको निरन्तर साथ र सहयोग रहने विश्वास व्यक्त गर्नुभयो। भेटमा महासचिव कानले आगामी दिनमा दुई देशबीचको सम्बन्धलाई नजिक ल्याउन विश्वविद्यालयले थप योगदान गर्ने विश्वास दिलाउनुभयो। विश्वविद्यालयले विज्ञान, प्रविधिलगायत विधामा शिक्षा प्रदान गरेर नेपालको मानव संशाधन विकासमा सहयोग गरेको जानकारी गराउनुभयो।

उहाँले विश्वविद्यालयले विभिन्न कार्यशालाको आयोजना गरी नेपालबाट शिक्षासँग सम्बन्धित व्यक्ति तथा राजनीतिक दललाई आमन्त्रण गरेर नेपाल-चीन सम्बन्धका विविध आयामबारे छलफल गर्दै आएको बताउनुभयो।

महासचिव कानले विश्वविद्यालयले दक्षिण एसिया अध्ययन केन्द्र सञ्चालन गरेर नेपाल भारत, पाकिस्तानलगाय मुलुकुको अध्ययन सुरु गरेको उल्लेख गर्दै उहाँले विश्वविद्यालयमा नेपाल अध्ययन केन्द्र खोलेर अध्ययन गरिएको जानकारी दिनुभयो।

भेटमा नेपालका तर्फबाट उपप्रधानमन्त्री श्रेष्ठ, परराष्ट्र मन्त्रालयका सहसचिव लोकबहादुर थापा, गृह मन्त्रालयका सहसचिव रुद्रादेवी शर्मा, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव महेश बराल र छेन्दुस्थित नेपाली महावाणिज्यदूत दिनेशकुमार घिमिरेलगायत सहभागी हुनुहुन्थ्यो।

सो क्रममा उहाँले विश्वविद्यालयको जलविद्युत् अध्ययन केन्द्रको अवलोकन गर्नुभएको थियो। सो केन्द्रमा उच्च बाँध भएको जलाशयुक्त जलविद्युत् परियोजना निर्माणसम्बन्धी अनुसन्धान हुँदै आएको छ। सो अवसरमा केन्द्रले गर्दै आएको कामका बारेमा जानकारी दिइएको थियो।

त्यसअघि उपप्रधानमन्त्री श्रेष्ठले सिचुवान विश्वविद्यमा अध्ययनरत विद्यार्थीमाझ नेपाल-चीन सम्बन्ध, विश्वपरिवेशलगायत विषयमा सम्बोधन मन्तव्य दिनुभएको थियो।

विश्वविद्यालयपरिसरमा नेपाली, चिनियाँ तथा विदेशी विद्यार्थीले उपप्रधानमन्त्री श्रेष्ठको भव्य स्वागत गरेका थिए। सो विश्वविद्यालयमा हाल ६६ विद्यार्थीले विभिन्न विषय अध्ययन गरिरहेका छन्। पछिल्लो १० वर्षमा मात्रै करिब छ सय विद्यार्थीले सो विश्वविद्यायबाट उच्च शिक्षा हासिल गरेका थिए। रासस

# सङ्घीयता कार्यान्वयनको कामलाई व्यवस्थित गरौँः प्रधानमन्त्री

पोखरा। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सङ्घीयता कार्यान्वयनको जिम्मेवारीलाई तीव्रता र व्यवस्थितरूपमा अगाडि बढाउन सातै प्रदेशका मुख्यमन्त्रीलाई निर्देशन दिनुभएको छ।

शुक्रबारदेखि कास्कीको पोखरामा सुरु भएको अन्तरप्रदेश मुख्यमन्त्री बैठकको उद्घाटन समारोहमा प्रधानमन्त्रीले सङ्घीयता कार्यान्वयनमा प्रभावकारी तवरले लाग्न आग्रह गर्नुभएको हो।



प्रधानमन्त्रीले भन्नुभयो, "सर्वप्रथम यस सुन्दर नगरी पोखरामा अन्तरप्रदेश मुख्यमन्त्री बैठक आयोजना गर्नुभएकोमा म गण्डकी प्रदेशका मुख्यमन्त्री तथा गण्डकी प्रदेश मन्त्रिपरिषद्लाई हार्दिक धन्यवाद दिँदै बैठकको पूर्ण सफलताको कामना गर्दछु। नेपालको संविधान जारी भएपछि दोस्रो पटक आयोजना भएको यो बैठकले देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई थप सुदृढ गर्न र प्रदेश प्रदेशबीचको सम्बन्धलाई सबल बनाउन महत्वपूर्ण भूमिका खेल्न सक्ने मेरो विश्वास छ।"

साढे दुईसय वर्ष लामो एकात्मक राज्य प्रणालीमा अभ्यस्त हाम्रा लागि सङ्घीय शासन प्रणाली नितान्त नौलो अभ्यास भएको उल्लेख गर्दै प्रधानमन्त्रीले संविधानले व्यवस्था गरेअनुरूप सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित सङ्घीय शासन प्रणालीको सुसञ्चालन चुनौतीपूर्ण रहेको बताउनुभयो।

उहाँले तीन वटै तहमा चुनिएर आउनुभएका जनप्रतिनिधि सीमित स्रोतसाधनको सुझबुझपूर्ण ढङ्गले परिचालन गर्दै विकास निर्माणलाई अघि बढाउँदै जनताका आकाङ्क्षा पूरा गर्न क्रियाशील रहनुभएकाले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था संस्थागत हुँदै गएको स्पष्ट पार्नुभयो। प्रधानमन्त्रीले प्रदेश सरकारको नेतृत्व सम्हाल्नुहुने मुख्यमन्त्रीहरूले खेल्नुभएको महत्वपूर्ण भूमिकाको प्रशंसासमेत गर्नुभयो।

प्रधानमन्त्रीले भन्नुभयो, "संविधान जारी भएको झण्डै सात वर्षमा हामीले उत्साहजनक उपलब्धि हासिल गरेका छौँ। तीनै तहको दोस्रो कार्यकालको निर्वाचन सम्पन्न भएको छ। सातै प्रदेशको प्रादेशिक राजधानी र नामाकरण भएको छ।"

उहाँले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसबमोजिम प्रदेश तथा स्थानीय तहमा वित्तीय हस्तान्तरण व्यवस्थित हुँदै गएको छ तथा कर्मचारी समायोजनको काम सम्पन्न भएको छ स्पष्ट पार्नुभयो।

सङ्घीयता कार्यान्वयनसम्बन्धी ८० वटा ऐन निर्माण तथा एक सय ६५ वटा कानुन संशोधन भएको तथा केही महत्वपूर्ण ऐनहरू तर्जुमाका चरणको रहेको प्रधानमन्त्रीको भनाइ छ।

तीन तहका सरकारबीच कार्यात्मक समन्वयका लागि सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ कार्यान्वयनमा रहेको तथा सोही ऐनबमोजिम समन्वयका संरचना क्रियाशील भएको बताउनुभयो। प्रधानमन्त्रीले सोही ऐनमा व्यवस्था भएको राष्ट्रिय समन्वय परिषद्को पहिलो बैठक शनिबार गण्डकी प्रदेशको राजधानी पोखरामै आयोजना गरिएको जानकारी दिनुभयो।

उहाँले प्रधानमन्त्रीकै तहबाट प्रदेश मुख्यमन्त्रीहरूसँग समयसमयमा छलफल र अन्तरक्रिया हुँदै आएको र प्रदेश मुख्यमन्त्रीसमेतको सहभागितामा राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक गर्ने पद्धतिको विकास गरिएकोसमेत सो अवसरमा जानकारी दिनुभयो। अन्तरप्रदेश मुख्यमन्त्री बैठकमा कोशी प्रदेशका मुख्यमन्त्रीबाहेक छ प्रदेशका मुख्यमन्त्रीको सहभागिता छ।

**जलवायु अनुकूलित धानका जात र खेती प्रविधिको विकास जरुरी छ : प्रधानमन्त्री प्रचण्ड**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले जलवायु अनुकूलित धानका जात र खेती प्रविधिको विकास र कृषकस्तरमा प्रविधि हस्तान्तरणलाई अझ बढी व्यवस्थित बनाउनुको साथै यसको गति बढाउनु अत्यावश्यक रहेको बताउनुभएको छ।

बीसौँ राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव, २०८० को अवसरमा एक शुभकामना सन्देश दिनुहुँदै उहाँले पछिल्लो समय जलवायु परिवर्तनका कारण सुक्खा खडेरी, अतिवृष्टि, असमयको वर्षा, बाढी पहिरो, रोग तथा किराको प्रकोप आदिको क्रम बढ्दै जाँदा धान उत्पादनमा नकारात्मक असर बढ्दै गएको छ भन्नुभयो। रोपाइँ महोत्सवको अवसरमा सम्पूर्ण देशवासी दिदीबहिनी तथा दाजुभाइमा हार्दिक शुभकामना व्यक्त गर्दै प्रधानमन्त्रीले नागरिकको खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूत गर्नु लोक कल्याणकारी राज्यको प्रमुख जिम्मेवारी भएको उहाँले उल्लेख गर्नुभयो।

नेपालको संविधान २०७२ ले खाद्यसम्बन्धी हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको र उक्त हकको कार्यान्वयन गर्न खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ समेत जारी भएको प्रधानमन्त्रीले स्मरण गर्नुभयो।

सो ऐनले हरेक नागरिकको खाद्य अधिकार, खाद्य सुरक्षा र खाद्य सम्प्रभुतालाई कानुनी अधिकारको रूपमा स्थापित गरेको र दिगो विकासका लक्ष्य प्राप्तिको लागि अन्तर्राष्ट्रिय प्रतिबद्धता र कृषि विकास रणनीतिको कार्यान्वयनमार्फत खाद्य सुरक्षा एवं पोषणको अवस्थामा सुधार ल्याउने हाम्रो राष्ट्रिय प्रतिबद्धतासमेत रहेको प्रधानमन्त्रीको भनाइ छ। प्रधानमन्त्रीले सन्देशमा भन्नुभएको छ, "देशमा खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता कायम गर्नमा धानको प्रमुख भूमिका रहेको परिप्रेक्ष्यमा राष्ट्रियस्तरमा धानको उत्पादन बढाउन वर्तमान सरकारले सिँचाइ सुविधाको विस्तार, रासायनिक मल तथा बीउमा अनुदान, प्रविधि विस्तार, अनुसन्धान र विकास तथा न्यूनतम समर्थन मूल्यको कार्यान्वयनजस्ता कार्यक्रम प्राथमिकताका साथ कार्यान्वयन गरिआएको छ।" उहाँले सरकारका प्रयासले धान उत्पादन वृद्धिमा महत्वपूर्ण भूमिका खेलेको भए तापनि बढ्दो माग पूर्ति गर्नका लागि आन्तरिक उत्पादन अपर्याप्त भएकाले धान चामल आयात बर्सेनि बढ्दै गएको यथार्थताका पेश गर्नुभएको छ।

सन्देशमा भनिएको छ, "यथास्थितिमा धानको उत्पादन वृद्धिको लक्ष्य पूरा हुन कठिन हुने र यसले गर्दा हाम्रो खाद्य सुरक्षामा नै प्रतिकूल असर पर्न सक्ने देखिन्छ।" उहाँले त्यस्तो अवस्था आउन नदिन जलवायु अनुकूलित धानका जात र खेती प्रविधिको विकास र कृषकस्तरमा प्रविधि हस्तान्तरणलाई अझ बढी व्यवस्थित बनाउनुका साथै यसको गति बढाउनु अत्यावश्यक रहेको स्पष्ट पार्नुभयो।

जलवायु अनुकूलित धानका जात र उत्पादन प्रविधिको विकास र अवलम्बनमार्फत दिगोरूपमा धान उत्पादन बढाएर आयात प्रतिस्थापन गरी धान चामलमा आत्मनिर्भर हुने दिशामा योगदान गर्न सम्पूर्ण देशवासीमा प्रधानमन्त्रीले आह्वान गर्नुभएको छ। जलवायु अनुकूलित कृषकमैत्री प्रविधि, धान उत्पादनमा वृद्धि भन्ने नाराका साथ आज देशभर २० औँ राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव, मनाइँदैछ। प्रधानमन्त्री प्रचण्डले सबैका प्रयास धानबालीको उत्पादन र उत्पादकत्व वृद्धि गरी समृद्ध अर्थतन्त्र निर्माणमा केन्द्रित हुन सबैलाई आग्रह गर्नुभएको छ।

# संसदीय मूल्य, मान्यता र आवश्यकता मेरो मुख्य कर्तव्य : सभामुख घिमिरे

काठमाण्डु। प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले संसद्या आफ्नो भूमिकालाई अझ सशक्त बनाएर लैजाने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

पैँसठ्ठीऔँ संसद् दिवसको पूर्वसन्ध्यामा संसदीय अध्ययन तथा विकास संस्थापनाद्वारा आयोजित कार्यक्रममा सभामुख घिमिरेले दिवसको शुभकामना दिँदै सभामुखसँगै सबै सांसदहरू आफ्नो भूमिकाप्रति इमान्दार र प्रयत्नशील हुनुपर्ने बताउनुभयो।

"मैले खेल्ने 'रेफ्री' को भूमिकाअनुसार निश्चय पनि खेलाडीलाई ठीकसँग चलाउनेछु", उहाँले भन्नुभयो, "जहाँसम्म एउटा रेफ्रीको भूमिका हो, खेलाडीले राम्रो नखेल्दिएपछि जतिसुकै योग्य रेफ्री भए पनि त्यो खेल दर्शकका लागि हेर्न लायक हुन सक्दैन। चाहेजस्तो परिणाम ल्याउन सक्दैन।"

उहाँले आफू सभामुखको भूमिकाबाट विमुख नभएको स्पष्ट पार्दै भन्नुभयो, "पर्दा पछाडि सबै चलाउने उही छ। अब यसो छोपिएर चलिरहेको छ, पछाडिपट्टि यसलाई रिमोटले चलाइरहेको छ भन्ने सोच पुऱ्याछ।

त्यसलाई म केही भन्न सक्दिन।" उहाँले आफूलाई पार्टीले सभामुखको जिम्मेवारीमा पठाइसकेपछि पार्टीको हितभन्दा पनि संसदीय मूल्य र मान्यता आफ्नो मुख्य कर्तव्य भएको बताउनुभयो। सभामुख घिमिरेले धेरै प्रयासपछि संसदीय समिति गठन भएको र समितिको प्रभावकारी सञ्चालनका लागि सभापति चयन गर्नेबारे बारम्बार ताकेता गर्दा पनि विभिन्न दलका सांसदबीच सहमति र सम्झदारी जुट्न नसकेको बताउनुभयो।

अन्तरक्रियाका क्रममा उपस्थित नागरिक समाजका अगुवाले संसद्या सांसदको उपस्थिति बलियो र अर्थपूर्ण हुन नसकेको भन्दै गुनासो गर्नुभयो। उहाँहरूले संविधानलाई आवश्यकताअनुसार संशोधन गर्नपर्नेमा जोड दिनुभयो।

डा सुन्दरमणि दीक्षितले सभामुख घिमिरेलाई सदनमा सांसदको भूमिका प्रभावकारी हुन नसकेको बताउनुभयो। "कानून बनाउने सांसद नै संसद्या उपस्थित हुँदैनन। संसद् खाली देखिन्छ, सभामुखले त्यसमा रुलिङ गर्ने कि नगर्ने ?", उहाँले प्रश्न गर्नुभयो।

डा वीरेन्द्र मिश्रले सभामुखलाई सांसद प्रभावकारी बन्न नसकेकोप्रति गुनासो व्यक्त गर्नुभयो।

उहाँले सांसदहरू कानून मात्र बनाउन केन्द्रित हुँदा नीतिसँग कानून बाझिने र तालमेल नहुने समस्या देखिएको बताउनुभयो। प्रा डा रामबाबु ढकाल, डा विष्णुराज उप्रेती र डा इन्द्र अधिकारीले संसद्या सांसदको भूमिकाबारे सभामुखको ध्यानआर्कषण गराउनुभयो। रासस

# पढेर विदेश जानुभन्दा यहीँ अवसर छ : अध्यक्ष ओली




चितवन। नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले शिक्षा हासिल गरिसकेपछि रोजगारीको अवसरका लागि विदेशिनुभन्दा नेपालमा नै अवसर भएको बताउनुभएको छ।

कृषि तथा वन विज्ञान विश्वविद्यालयमा आज आयोजना गरिएको कृषि उद्यमबाट संवृद्धि विषयक कार्यक्रममा उहाँले नेपालमा केही हुँदैन भनेर विदेश जानुभन्दा कृषि कर्मबाट अवसर खोज्न सकिने बताउनुभयो।

विद्यार्थी र ओलीबीच प्रश्नोत्तर शैलीमा सञ्चालन गरिएको कार्यक्रममा प्रश्नको जवाफ दिँदै उहाँले विदेशमा गएर कामदार बन्नुभन्दा यहीँ उद्यमी बन्नु उपयुक्त भएको बताउनुभयो। उहाँले भन्नुभयो, "एक जना व्यक्तिको जीवनकालमा धेरै परिवर्तन हुन सक्छ भने अध्ययन गरेका विद्यार्थीको जीवनकालमा नेपालमा नै सम्भव नहुने केही छैन।" यहाँ जति अवसर विदेशमा नमिल्ने उहाँको भनाइ थियो। पढेका सक्षम विद्यार्थी बाहिर गएर कामदार मात्रै भन्ने भन्दै उहाँले पढाइ सकिएपछि विदेश जाने सोच बनाउन नहुने बताउनुभयो।

नेपालको कृषिलाई आधुनिक तरीकाले गर्न सकिने भन्दै उहाँले देशलाई आवश्यक पर्ने खाद्यान्न आफैँले उत्पादन गर्नुपर्ने बताउनुभयो। यहाँ उत्पादित वस्तु बिक्री नभएर सडकमा छरिने क्रम रोक्न प्रविधिको प्रयोगबाट उत्पादित वस्तुको सुरक्षित भण्डारण गर्न सक्नुपर्ने उहाँको भनाइ थियो।

हरेक काममा सक्रियता भए मात्रै सफल हुने भन्दै उहाँले भन्नुभयो, "सक्रियता छ जीवन छ। सक्रियता छैन जीवन छैन।" कुन काम कसरी गर्ने र कसले गर्ने भन्ने विषय अध्ययन गरेर गर्न सके नेपालमानै स्थापित हुन सकिने उहाँको भनाइ थियो। वैदेशिक रोजगारमा गएर फर्कंदै गर्दासमेत यहाँ स्थापित हुन समय लाग्ने भन्दै यहाँ अहिलेदेखि काम गर्न सके राम्रो हुने उहाँले बताउनुभयो। कृषि व्यवसाय र कृषि उद्योगबाट सफल बन्न सकिने उहाँको भनाइ थियो।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै युवा उद्यमी ससन देवकोटाले नेपालबाट ५० प्रतिशत दक्ष कामदार विदेश पलायन भएको बताउनुभयो। अध्ययन सकेर बसेका विद्यार्थी विदेश जाने तयारीमा रहेको भन्दै उहाँले कृषि क्षेत्रमा उद्यम गर्ने कार्यमा पाँच प्रतिशत मात्रै रहेको बताउनुभयो।

पैँतालिस प्रतिशत युवा रोजगारमा रहेको सो अवसरमा जानकारी दिइएको थियो। कृषि मन्त्रालयको तथ्याङ्कअनुसार नेपालको २० प्रतिशत जमिन खेतीयोग्य रहेको छ। सोमध्ये २५ प्रतिशत बाँझो रहेको छ भने ७५ प्रतिशतमा मात्रै खेती गरिएको छ। कृषि विषयमा अध्ययन गरेका सबै विद्यार्थी रोजगारीका लागि विदेशिने तयारीमा रहेको भन्दै देवकोटाले चिन्ता व्यक्त गर्नुभयो। रासस

# रुसी राष्ट्रपति पुटिनद्वारा अचानक मोदीको प्रसंसा

**बीबीसी**

नयाँ दिल्ली । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको अमेरिका भ्रमणपछि भारत र रुसबीचको सम्बन्धलाई लिएर धेरै कुराहरु भइरहेका छन् ।

रुसका राष्ट्रपति भ्लादिमिर पुटिनले बिहीबार मस्कोमा एक कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीलाई 'मेक इन इन्डिया'को तारिफ गरेपछि अनुमानको अवधि रोकिएन । राष्ट्रपति पुटिनले भने, 'नरेन्द्र मोदी रुसका गहिरो मित्र हुन् । प्रधानमन्त्री मोदीले केही वर्षअघि मेक इन इन्डिया योजना लागू गरेका थिए। यो योजनाले भारतीय अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको छ । यदि हामीले पनि मेक इन इन्डियालाई पछ्याउनुहोस् भने त्यसमा कुनै हानि छैन। यद्यपि यो हाम्रो योजना होइन तर हाम्रो साथीको हो।



पुटिनको यो भिडियो क्लिप रुसी सरकारद्वारा नियन्त्रित न्यूज टेलिभिजन आरटीले ट्विट गरेको हो । रुसका राष्ट्रपतिबाट पीएम मोदीको प्रशंसा पनि रुसका लागि भारतको महत्वको रुपमा हेरिएको छ । युक्रेनमा हमलापछि पश्चिमा राष्ट्रले रुसमाथि कडा प्रतिबन्ध लगाएपछि भारतले रुसबाट तेल खरिद बढायो र यसले रुसलाई आर्थिक रूपमा निकै मद्दत गऱ्यो ।

पुटिन भारतको ठूलो बजारमा रुसी कम्पनीहरूलाई मौका दिन चाहन्छन्। पश्चिमी देशहरूले लगाएको कडा प्रतिबन्धका कारण रुसले अन्य विकल्पहरूबारे गम्भीरतापूर्वक विचार गरिरहेको छ। भारत र रुसबीचको व्यापार अहिलेसम्म सरकारी स्तरमा रहेको थियो, जसलाई रुसले अहिले निजी कम्पनीको तहमा ल्याउने प्रयास गरिरहेको छ । प्रधानमन्त्री मोदीले सन् २०१४ मा 'मेक इन इन्डिया' सुरु गरेका थिए । यसको उद्देश्य भारतमा उत्पादन प्रवर्द्धन गर्नु थियो। नरेन्द्र मोदीको शासनकालमा भारत विश्वको पाँचौं ठूलो अर्थतन्त्रको रूपमा उभिएको छ।

बुधबार राजधानी दिल्लीमा आयोजित एक कार्यक्रममा भारतका विदेशमन्त्री एस जयशंकरले पनि विश्वले धेरै चुनौतीको सामना गरिरहेको भए पनि भारत र रुसबीचको सम्बन्ध स्थिर रहेको बताए । एस जयशंकरले भनेका थिए, "सबै चुनौतीका बाबजुद रुससँगको हाम्रो सम्बन्ध अटल छ" हामीसँग रूससँगको सम्बन्धको महत्त्वको बारेमा वर्षौंको मूल्याङ्कन छ। भारतको रुससँगको मित्रतालाई रक्षा निर्भरताको ऐनामा मात्रै हेर्नु गलत हो । हाम्रो सम्बन्ध यो भन्दा धेरै टाढा छ। रुससँगको सम्बन्धमा हाम्रो आफ्नै भूराजनीतिक तर्क छ। दुई देशबीचको आर्थिक सहयोग पनि बढ्दै गएको छ ।

शीतयुद्धका दिनदेखि भारत र रुसबीचको साझेदारीलाई समयको परीक्षामा उभिएको मानिन्छ। दुई देशबीच रक्षा, तेल, आणविक ऊर्जा र अन्तरिक्षका क्षेत्रमा सहकार्य भएको छ । तर चीनसँग रुसको बढ्दो निकटताका कारण भारतसँगको सम्बन्धलाई शंकाको घेरामा हेरिएको छ । युक्रेनसँग चलिरहेको युद्धका कारण रुस चीनको कनिष्ठ साझेदार बनेको बताइएको छ । सन् १९५० को दशकदेखि शीतयुद्धका बेला भारतले सोभियत संघसँग बलियो सम्बन्ध बनाउन थालेको थियो। पाकिस्तानसँग भारतको युद्ध भयो र रुससँगको सम्बन्ध तातो भयो।

सन् १९६५ मा भारत र पाकिस्तानबीच भएको युद्ध अन्त्य गर्न सोभियत संघले मध्यस्थकर्ताको भूमिका खेलेको थियो । सन् १९७१ मा भारतले पाकिस्तानसँग युद्ध गर्दा सोभियत संघले भारतको समर्थनमा संयुक्त राष्ट्रसंघमा भिटो पावर प्रयोग गरेको थियो । अर्कोतर्फ अमेरिकाले बंगालको खाडीमा पाकिस्तानलाई सहयोग गर्न कार्यदल बनाएको थियो । सन् १९७१ मा भारत र सोभियत संघबीच शान्ति, मैत्री र सहयोग सन्धि भएको थियो । जब सोभियत संघ पतन भयो, यो सन्धि जनवरी १९९३ मा इन्डो-रुस मैत्री र सहयोग सन्धि मा परिणत भयो। सन् १९७१ मा भारत र पाकिस्तानबीच १३ दिने युद्ध भएको थियो । पूर्वी पाकिस्तानमा मानवीय संकटका कारण यो युद्ध भएको थियो। यो युद्धपछि मात्र पूर्वी पाकिस्तान बंगलादेश भयो। यसअघि भारतले पूर्वी पाकिस्तानमा पश्चिम पाकिस्तानको वर्चस्वको बारेमा विश्वलाई विश्वस्त गराउने प्रयास गरिरहेको थियो ।

पूर्वी पाकिस्तानबाट ठूलो संख्यामा शरणार्थीहरू भारत आउँदै थिए। पश्चिम र पूर्वी पाकिस्तानबीच राजनीतिक समाधानको कुनै आशा थिएन। त्यतिबेला सोभियत संघ एक मात्र देश थियो, जसले भारतको कुरा सुनेको थियो। अगस्ट १९७१ मा भारतकी तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले 'भारत-सोभियत शान्ति, मैत्री र सहयोग सन्धि' मा हस्ताक्षर गरेकी थिइन्। यस सम्झौता अन्तर्गत सोभियत संघले भारतलाई युद्धको अवस्थामा कूटनीतिक र हतियार दुवै सहयोग गर्ने आश्वासन दिएको थियो।

मस्को भारतको लागि भरपर्दो साझेदार भएको छ। अर्कोतर्फ अमेरिकाले भारतको तुलनामा पाकिस्तानलाई महत्व दिएको छ । फेब्रुअरी २०२२ मा रुसले युक्रेनमा आक्रमण गर्दा भारतले संयुक्त राष्ट्रसंघमा रुसको विरुद्धमा मतदान गर्नबाट जोगाएको थियो।

युक्रेनमा भएको आक्रमणको लागि भारतले रुसको कहिल्यै आलोचना गरेको छैन। अमेरिका र युरोपेली देशहरूको बढ्दो दबाबका बीच नरेन्द्र मोदीले गत वर्ष सेप्टेम्बरमा क्यामेराको अगाडि पुटिनलाई अहिले युद्धको युग नभएको बताए । प्रधानमन्त्री मोदीले लोकतन्त्र, कूटनीति र संवादबाट विश्वलाई एकताबद्ध राख्न सकिने बताएका थिए ।

त्यसपछि उज्बेकिस्तानको समरकन्द सहरमा भएको सांघाई सहयोग संगठनको शिखर सम्मेलनमा प्रधानमन्त्री मोदीले राष्ट्रपति पुटिनसँग भेट गरेका थिए । सन् १९६२ मा चीनसँगको रक्तपातपूर्ण युद्धपछि भारतले सोभियत संघसँग रक्षा साझेदारी बढाएको थियो ।

ज्ञढढण को शुरुवात देखि, भारतीय सेना मा सोभियत संघ मा निर्मित हतियार को हिस्सा ७०%, वायु सेना प्रणाली मा ८०% र नौसेना मा ८५% थियो। भारतले सन् २००४ मा रुसबाट पहिलो विमान वाहक आईएनएस विक्रमादित्य किनेको थियो ।

**रुसी राजदूतले के भने ?**

प्रधानमन्त्री मोदी अमेरिका भ्रमणमा रहेका बेला भारतका लागि रुसी राजदूत डेनिस अलिपोभले अङ्ग्रेजी पत्रिका हिन्दुस्तान टाइम्सलाई रुसले भारतलाई आफ्नो मागअनुसार तेल आपूर्ति गरिरहने बताएका थिए । उनले ऊर्जा आपूर्ति सुनिश्चित गर्न दुवै देश काम गरिरहेको र व्यापारमा देखिएको असन्तुलनलाई पनि समाधान गर्न प्रयासरत रहेको बताए ।

अलीपोभले पश्चिमा मुलुकले लगाएको प्रतिबन्धका कारण दुवै देशले नयाँ भुक्तानी प्रणालीमा पनि काम गरिरहेको बताएका थिए । राजदूत अलीपोभले वैकल्पिक भुक्तानी प्रणाली निर्माण गर्ने काम भइरहेको बताए ।

**अलिपोभलाई सोधिएको थियो कि रुसको चीनसँगको गहिरो सम्बन्धको असर भारत र रुसबीचको सम्बन्धमा पर्नेछ ?**

यस प्रश्नको जवाफमा उनले भनेका थिए, "रुसमा चीनको बढ्दो उपस्थितिमा चिन्ता व्यक्त गर्नुको सट्टा भारतीय टिप्पणीकारहरूले रुसी बजारमा भारतको विस्तारलाई प्रोत्साहन गरेको भए राम्रो हुन्थ्यो।"

**रुसी तेलको मात्रा भारतमा आउँदैछ, के यो सँधै जारी रहनेछ?**

यसको जवाफमा अलीपोभले भनेका थिए, 'जबसम्म भारतमा माग छ, आपूर्ति पनि जारी रहनेछ। तेल आपूर्तिका कारण आर्थिक वर्ष २०२२-२३ मा दुई देशबीचको द्विपक्षीय व्यापार ४४.४ अर्ब डलरको रेकर्ड पुगेको छ । रसियाले भारतको कुल तेल आयातको एक तिहाइ ओगट्छ। रुस भारतको ऊर्जा सुरक्षामा सबैभन्दा ठूलो साझेदार बनेको छ। हामी भारतमा दीर्घकालीन ऊर्जा आपूर्तिका लागि काम गरिरहेका छौं।

चीनसँगको सम्बन्धलाई गहिरो बनाउने विषयमा अलीपोभले रुस कुनै पनि देशमा निर्भर हुन नचाहेको बताएका थिए । रुसी राजदूतले भनेका थिए, "चीन वा अन्य कुनै देशसँग आर्थिक सम्बन्ध विस्तार गर्नु भनेको कसैको राजनीतिक औजार बन्ने होइन।" रुसको भारत र चीन दुवैसँग उत्कृष्ट सम्बन्ध छ र यी सम्बन्ध आपसी हितमा आधारित छन्। हामीसँग कुनै लुकेको एजेन्डा छैन।

अलीपोभले भनेका थिए, 'रुस भारत र चीनबीचको सम्बन्ध सामान्य होस् भन्ने चाहन्छ । यो युरेशियामा स्थिरताको लागि आवश्यक छ। युक्रेन संकटमा पनि भारतको अडानले उसले जिम्मेवार विश्वव्यापी शक्तिको रूपमा व्यवहार गरेको देखाउँछ।

# मलेसियालाई हराउँदै नेपाल सेमिफाइनलमा पुग्यो

काठमाण्डु । मलेसियामा जारी एसिसी इस्ट जोन यू-१६ कप क्रिकेट प्रतियोगिताको समूह चरणको अन्तिम खेलमा नेपाल घरेलु टोली मलेसियालाई पराजित गर्दै सेमिफाइनलमा पुगेको छ ।

मलेसियाको बायोमास ओभल क्रिकेट मैदानमा शुक्रबार भएको खेलमा नेपालले मलेसियालाई ८४ रनले पराजित गर्दै सेमिफाइनलका लागि यात्रा तय गरेको हो । यस जितसँगै नेपाल समुह ए को विजेतासमेत बन्यो ।

नेपालले मलेसियालाई एक सय ८४ रनको लक्ष्य दिएकामा जवाफमा मलेसिया ३० दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै ९९ रनमा समेटियो । मलेसियाका लागि मोहम्मद हैरिलले ५४ बलमा २५ रन बनाए ।

त्यस्तै कप्तान मोहम्मद आलिफले १५ रन जोडे भने मुहम्मद अक्रमले १२ रन बनाए । त्यसबाहेक अन्य ब्याटसम्यानले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । नेपालका लागि अशोक धामीले चार विकेट लिए भने कप्तान

***नेपालले मलेसियालाई एक सय ८४ रनको लक्ष्य दिएकामा जवाफमा मलेसिया ३० दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै ९९ रनमा समेटियो । मलेसियाका लागि मोहम्मद हैरिलले ५४ बलमा २५ रन बनाए ।***

अभिषेक तिवारीले तीन विकेट लिए । त्यस्तै सन्तोष यादवले दुई विकेट लिए ।

त्यसअघि टस जितेर पहिला ब्याटिङ गरेको नेपालले ३३ दशमलव चार ओभरमा सबै विकेट गुमाउँदै एक सय ८३ रन बनाएको थियो । नेपालका लागि अशोक धामीले सर्वाधिक ५२ रनको योगदान दिए । सुर्यांशु कोइराला र नरेन भट्टले समान २९ रन बनाए । त्यस्तै दीप भुजेलले १५ रन जोडे । निरजकुमार यादव आठ रनमा आउट भए ।

मलेसियाका लागि मोहम्मद मुकरी, एरिन एकवाल, हरिक हाइकाल र मुहम्मद अक्रमले समान दुई/दुई विकेट लिए भने मोहम्मद फतुलले एक विकेट झारे । यसहारसँगै मलेसिया समूह ए को उपविजेता बन्दै सेमिफाइनलमा पुग्यो । नेपालले पहिलो खेलमा थाइल्यान्डलाई दुई सय २५ रनको फराकिलो अन्तरले पराजित गरेको थियो । रासस

# दक्षिण यमनमा हुथी विद्रोहीको ड्रोन आक्रमणमा परी ४ सरकारी सैनिकको मृत्यु

**सिन्ह्वा**

एडेन । हुथी मिलिसियाले गरेको ड्रोन आक्रमणमा बिहीबार दक्षिणी प्रान्त धालियामा चार यमनी सरकारी सैनिकको मृत्यु भएको एक सैनिक अधिकारीले सिन्ह्वालाई बताएका छन् ।हुथी मिलिशियाले विस्फोटक पदार्थले भरिएको ड्रोन तैनाथ गरी धलियाको उत्तरी क्षेत्रहरूमा सरकार समर्थक सेनाका सैन्य प्रतिष्ठानहरूलाई निशाना बनाएको नाम न छाप्ने शर्तमा एक जना अधिकारीले बताएका छन् ।

उनले सो ड्रोन आक्रमणमा चार सैनिकको मृत्यु भएको र थुप्रै घाइते भएको उल्लेख गरेका छन् । आक्रमणले सैन्य क्षेत्रलाई क्षति पुर्याएको र सशस्त्र गाडी पूर्ण रूपमा नष्ट भएको पनि जानकारी दिएका छन् । अधिकारीका अनुसार हुथीहरूले दक्षिणी प्रान्तहरूमा अन्य मोर्चाहरूमा पनि सैन्य आक्रमणलाई तीव्रता दिँदै आएका छन् ।

यमन सन् २०१४ देखि विनाशकारी गृहयुद्धमा फसेको छ हुथीहरूले अन्तरराष्ट्रिय रूपमा मान्यता प्राप्त यमनी सरकारविरुद्ध लडिरहेका छन्।

संयुक्त राष्ट्रसंघले सन् २०२२ अप्रिलमा यमनमा मानवीय युद्धविरामको मध्यस्थता गरेको थियो शुरुमा हिंसालाई उल्लेखनीय रूपमा घटाएर शान्तिपूर्ण समाधानको आशा पनि जगाएको थियो । तर गत वर्षको अक्टोबरमा युद्धविरामको म्याद सकिएपछि देशका विभिन्न क्षेत्रमा छिटपुट सशस्त्र भिडन्तहरू पुनः शुरु भएका छन् ।

संयुक्त राष्ट्रसंघले द्वन्द्वको राजनीतिक समाधानका लागि मध्यस्थता गर्ने काम गरिरहेको छ तर युद्धरत पक्षहरू बीचको विश्वासको कमी र त्यहाँ जारी हिंसा लगायतका कारण विगतका प्रयासहरू असफल भएका छन्।

# पाकिस्तानको कराँचीमा व्यक्तिगत दुश्मनीका कारण ३ जनाको मृत्यु, १ घाइते



**एएनआई**

कराँची । कराँचीको बल्दिया शहरमा सशस्त्र अपराधीहरूले 'व्यक्तिगत दुश्मनी' को कारण गोली चलाउँदा कम्तीमा तीन जनाको मृत्यु भएको छ भने एक चार वर्षीय बालकको गोली लागेर घाइते भएका छन ।

एआरवाई न्युजले बिहीबार जनाएअनुसार अनुसार घटना बलदियाको रसिदाबाद क्षेत्रमा भएको थियो जहाँ सशस्त्र अपराधीहरूले तीन नागरिकको हत्या गरी चार वर्षीय बालकलाई गोली हानेर घाइते बनाएका थिए।

प्रहरीले विज्ञप्ति जारी गर्दै घाइतेहरूलाई गोली लागेको र उपचारको लागि स्थानीय अस्पतालमा लगिएको जनाएको छ।

मृतकहरू मोहम्मद जुनैद, इम्तियाज, सीफान र मुहम्मद अयान रहेको प्रहरीले जनाएको छ । प्रहरी उपरीक्षक (एसपी) बल्दियाले प्रारम्भिक अनुसन्धानमा व्यक्तिगत रिसीबीका कारण घटना भएको पाइएको बताएका छन् ।

यसअघि मार्चमा कराँचीको कश्मीर रोड क्षेत्रमा 'व्यक्तिगत दुश्मनी' को कारण अज्ञात आक्रमणकारीहरूले एक नागरिकको गोली हानी हत्या गरेका थिए।

# बेलायत सरकारले स्वास्थ्य क्षेत्रमा ठूलो संख्यामा रोजगारी अभियान सञ्चालन गर्ने

**एएफपी**

लण्डन । बेलायतको राष्ट्रिय स्वास्थ्य सेवा (एनएचएस) मा चिकित्सक र नर्सको दीर्घकालीन अभावलाई सम्बोधन गर्न सरकारले शुक्रबार घोषणा गरेको नयाँ योजना अन्तर्गत तीन लाखभन्दा बढी कर्मचारी भर्ना गरिने भएको छ ।



बुधबार आफ्नो ७५ औं जन्मदिन मनाउँदै गरेको सार्वजनिक वित्तपोषित एनएचएसले सन् २०३७ सम्ममा अनुमानित तीन लाख ६० हजार श्रमशक्तिको कमीको सामना गर्ने जनाएको छ । हाल बेलायतमा देखिएको वृद्धहरूको अत्यधिक जनसङ्ख्या, घरेलु रूपमा प्रशिक्षित स्वास्थ्य कार्यकर्ताहरूको कमी र विविध कारणले गर्दा विद्यमान कर्मचारीहरूलाई कायम राख्न कठिनाइका कारण देशले कालान्तरमा श्रमशक्तिको कमीको सामना गर्ने सरकारले जनाएको छ ।

सरकारको दीर्घकालीन कार्यबल योजनामा चिकित्सकले स्वास्थ्य विदालयमा काममा बिताउने समय घटाउने र घरेलु कामदारलाई तालिम दिने उल्लेख छ । प्रधानमन्त्री ऋषि सुनकले भन्नुभयो, "हाम्रो स्वास्थ्य सेवाको ७५ औं वार्षिकोत्सवमा, यो सरकारले आफ्नो इतिहासमा एनएचएस शिक्षा र प्रशिक्षणमा सबैभन्दा ठूलो एकल विस्तार गर्दैछ ।"

उहाँले भन्नुभयो, "आगामी वर्षहरूमा हामी डाक्टरहरूको सङ्ख्याभन्दा दोब्बर र वर्षमा थप २४ हजार नर्सहरूलाई प्रशिक्षित गर्नेछौं, जसले प्रतीक्षा सूची कटौती गर्न र बिरामीको हेरचाह सेवा सुधार गर्न मद्दत गर्दछ ।" "हामी हाम्रा प्रतिभाशाली एनएचएस कर्मचारीहरूलाई कायम राख्न र भविष्यका लागि उपयुक्त छ भनेर सुनिश्चित गर्न स्वास्थ्य प्रणालीले काम गर्ने तरिकामा सुधार गर्न थप प्रयास गर्नेछौं," उहाँले भन्नुभयो ।

एनएचएस इङ्गल्याण्डमा हाल एक लाख १२ हजार रिक्त पदहरू छन् । यसले ठूलो सङ्ख्यामा सेवा छोड्ने कामदारहरू परिपूर्ति गर्न सङ्घर्ष गरिरहेको छ । एनएचएसले गत वर्ष अकल्पनीय हडतालहरूको सामना गर्नु परेको थियो । कोरोनाभाइरस लकडाउनको समयमा सिर्जना गरिएको ब्याकलग हटाउन संघर्ष गरिरहेका छन् ।

कर्मचारीहरूले कम तलब पाएको र बढी काम गरेको गुनासो पनि गरेका छन् । यो योजनाले सन् २०३७ सम्ममा एनएचएसमा थप ६० हजार चिकित्सक, एक लाख ७० हजार नर्स र ७१ हजार स्वास्थ्यकर्मी थप गर्ने सरकारको अनुमान छ ।

एनएचएस इङ्गल्याण्डका प्रमुख कार्यकारी अमान्डा प्रिचार्डले भन्नुभयो, "हाम्रो पहिलो एनएचएस दीर्घकालीन कार्यबल योजनाको प्रकाशनले अब हामीलाई एक पुस्तामा एक पटक आउने वर्षहरूको लागि स्थायी स्तरमा कर्मचारीहरू राख्ने अवसर प्रदान गर्दछ ।"

स्कटल्याण्ड, वेल्स र उत्तरी आयरल्याण्डका सरकारहरूले त्यहाँ नीति निर्धारण गरेसँगै स्वास्थ्य एक विकसित विषय हो। "हामी विश्वव्यापी रूपमा स्वास्थ्य सेवाहरूको लागि नयाँ र बढ्दो मागसँग अनुकूलन गर्न खोज्दैछौं, स्कटल्याण्ड, वेल्स र उत्तरी आयरल्याण्डका सरकारहरूले त्यहाँ नीति निर्धारण गरेसँगै यो दीर्घकालीन खाका हाम्रो कार्यबलको एक प्रमुख र धेरै आवश्यक विस्तारमा पहिलो कदम हो । यो हामीसँग बिरामीहरूको लागि वितरण गर्न आवश्यक कर्मचारीहरू छन् भन्ने सुनिश्चित गर्न अनिवार्य भएको छ ।"

# फ्रान्समा एकै रात ६६७ जना पक्राउ

**एएफपी**

पेरिस । प्रहरीको नियन्त्रणमा रहेका एक जना किशोरको हत्यापछि भड्किएको हिंसाको तेस्रो दिनपछि एकै रातमा फ्रान्समा ६६७ जनालाई पक्राउ गरिएको छ । गृहमन्त्री गेराल्ड डार्मानिनले जनाएअनुसार फ्रान्सेली सुरक्षा बलले आन्दोलनरत व्यक्तिहरूको ठूलो संख्यालाई पक्राउ गरेको हो ।

"बिहीबार राति प्रहरी र अग्निनियन्त्रकहरूले फेरि साहसपूर्वक अर्को ठूलो हिंसाको सामना गरे। मेरो निर्देशन अनुसार तिनीहरूले ६६७ जनालाई गिरफ्तार गरे," गृहमन्त्री डार्मानिनले ट्विटरमा लेखेका छन् ।

# आईएमएफ र पाकिस्तानबीच ३ अर्ब डलरको स्ट्यान्डबाइ सम्झौता

**एएफपी**

इस्लामाबाद । पाकिस्तानले बिहीबार वाशिङ्गटनमा आईएमएफले ३ अर्ब डलरको नयाँ स्ट्यान्ड-बाइ सम्झौताको व्यवस्था गरेसँगै केही राहात अनुभव गरेको छ । चुलिदो वैदेशिक ऋणले आक्रान्त बन्दै गएको देशमा यसले अस्थायी राहत अनुभव गर्ने छ।

अर्थतन्त्र भुक्तान सन्तुलनको सङ्कटबाट प्रभावित भएको पाकिस्तानमा महिनौं देखिको राजनीतिक अराजकताले सम्भावित विदेशी लगानी भित्रिने वातावरण पनि बिथोलिन सक्ने प्रक्षेपण गरिएको छ ।

हाल मुद्रास्फीति ह्वात्तै बढेको छ । मुद्रा अवमूल्यनको जोखिम बढ्दो छ ।

आईएमएफका अधिकारी नाथन पोर्टरले भनेका छन् - "म यो घोषणा गर्न पाउँदा खुसी छु, अन्तरराष्ट्रिय मुद्रा कोषका टोलीले पाकिस्तानी अधिकारीहरूसँग एसडीआर २, २५० मिलियन (लगभग ४ ३ बिलियन) को रकममा नौ महिनाको स्ट्यान्डबाइ व्यवस्थामा कर्मचारी स्तरको सम्झौतामा पुगेका छन् ।" यो सङ्ख्याले पाकिस्तानको अन्तरराष्ट्रिय मुद्रा कोष कोटाको १११ प्रतिशत प्रतिनिधित्व गर्दछ।

यो सम्झौता जुलाईको मध्यमा आईएमएफको कार्यकारी बोर्डले अनुमोदन गर्नुपर्ने पनि पोर्टरले उल्लेख गरेका छन् ।

सन् २०१९ मा सहमत भएको ४ ६.५ अर्ब बेलआउट प्याकेजको अन्तिम किस्ताको लागि कोषसँग पाकिस्तानको वार्ता नोभेम्बरदेखि रोकिएको छ । सरकारले सम्झौताका आवश्यकताहरू पूरा गर्न प्रयास गर्ने उद्देश्यले राष्ट्रिय बजेटमा अन्तिम मिनेटमा परिवर्तन गरेको छ।

# चिनियाँ कम्युनिष्ट पार्टीका सदस्य ९ करोड ८४ लाख पुगे

**सिन्ह्वा**

बेइजिङ । चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) का सदस्यहरू ९ करोड ८४ लाख पुगेका छन् ।

सन् २०२२ को अन्त्यसम्ममा पार्टीका सदस्यहरू करिब १० करोडको हारहारीमा पुगेका छन् । चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिको सङ्गठन विभागले शुक्रबार गरेको घोषणा अनुसार यसका सदस्य ९ करोड ८४ लाख पुगेको उल्लेख छ ।

जुलाई १ मा चिनिया कम्यनिष्ट पार्टीको १०२ औं स्थापना दिवसको पूर्व सन्ध्यामा सो जानकारी दिइएको हो । तथ्याङ्क अनुसार सन् २०२१ देखि यो संख्या लगभग १.३३ मिलियन अथवा १.४ प्रतिशतले बढेको पाइएको छ ।



२०औँ राष्ट्रिय धान दिवसको अवसर पारेर मेसिनबाट धान रोपाइँ गरिँदै । रोपाइँ गर्ने खेताला पाउनै कठिन भइरहेको अवस्थामा धान रोप्ने मेसिन भित्रिएपछि कृषकहरु उत्साहित भएका छन् । *तस्बिर :रासस*

# 'बेरुजु घटाउन संसद्ले प्रभावकारी भूमिका खेल्छ'

काठमाण्डु । सभामुख देवराज घिमिरेले अहिले देखिएको बेरुजुको अवस्था घटाउन सङ्घीय संसद्ले प्रभावकारी भूमिका खेल्ने र आफूले त्यसका लागि गम्भीर भएर पहल गर्ने बताउनुभएको छ।

महालेखा परीक्षकको कार्यालयको ६५औँ वार्षिकोत्सव समारोहमा सभामुख घिमिरेले महालेखापरीक्षकको कार्यालयले औँल्याएका बेरुजु समस्या समाधानको अभियानमा सङ्घीय संसद् पनि सक्रिय भएर लाग्ने प्रतिबद्धता जनाउनुभयो ।

"पारदर्शी ढङ्गबाट समयमै हिसाबकिताब फछ्यौंट गर्ने, असुलउपर हुनुपर्ने बेरुजु असुलका लागि सिफारिस गर्ने त्यसलाई कार्यान्वयन गर्ने विषयमा संसद्ले भूमिका खेल्नेछ", सभामुख घिमिरले भन्नुभयो, "लेखापरीक्षणका क्षेत्रमा अन्य केही कमीकमजोरी छन् भने त्यसलाई दुरुस्त बनाउन पनि संसद्को पहल रहनेछ ।"

पछिल्ला वर्षमा बेरुजुको आँकडा बढ्दै जानुमा कुन पक्ष र निकाय जिम्मेवार छ भनेर हेरिनुपर्ने पनि उहाँको भनाइ छ । "के कारणले गर्दा बेरुजु फछ्यौंट हुन सकेनन् र हरेक वर्ष थपिँदै जान्छन् भन्ने कुराको वस्तुपरक ढङ्गबाट समीक्षा हुन जरुरी छ । कतै ऐन कानुनको अभावमा समस्या देखिएको भएमा त्यसलाई कसरी पूर्ति गर्ने भनेर सोच्न सकिन्छ", उहाँले भन्नुभयो ।

बेरुजु फछ्र्यौटका लागि मुख्य भूमिका खेल्नुपर्ने सङ्घीय संसद् र संसद्अन्तर्गतको सार्वजनिक लेखा समितिको प्रभावकारिता न्यून देखिएको उहाँको भनाइ छ । सभामुख घिमिरेले त्यसलाई सुधार गर्न आफ्नो प्रयास रहने पनि प्रस्ट पार्नुभयो ।

कुनै दबाब, अभाव र प्रभावमा नपरेर पारदर्शी ढङ्गबाट लेखापरीक्षणका काम गर्न तथा लेखापरीक्षणबाट देखिएका बेरुजुहरूलाई समयमै फछ्र्यौंट गर्ने लगायतका काममा तदारुकता देखाउन उहाँले जोड दिनुभयो ।

अर्थमन्त्री डा प्रकाशशरण महतले पछिल्ला वर्षमा बेरुजु रकम बढ्दै जानु सबैको चासो र चिन्ताको विषय भएको बताउनुभयो। तीन तहका सरकारका संरचनाले प्रभावकारी काम गरे-नगरेको बारे चनाखो भएर हेर्न जरुरी रहेको उहाँको भनाइ छ।

त्यस्तै, आर्थिक कारोबारलाई कसरी चुस्त र दुरुस्त बनाउने र आर्थिक अनुशासन पालन गर्ने विषयमा सुसुचित गराउनुपर्ने अवस्था आएको उहाँले बताउनुभयो । साथै यसका लागि अर्थ मन्त्रालयले विभिन्न निकायबीच समन्वयकारी भूमिका खेलिरहेको र कुनै पनि बेथितिलाई नसहने भनेर काम गरिरहेको उहाँको भनाइ छ।

बजेट रकमान्तरमा देखिएको विकृतिलाई अर्थमन्त्रालयले मिहीन ढङ्गले अध्ययन गरिरहेको तथा रोक्न प्रयास गरिरहेको उहाँले दाबी गर्नुभयो । "बजेट रकमान्तर गर्न किन आवश्यक पऱ्यो भनेर हेर्दै जाँदा धेरैजस्तो दुर्गम ठाउँका सडकमा हालिएको पैसा पछि रकमान्तर गरेर सुगमका सडकमा हाल्ने गरेको देखियो", अर्थमन्त्री महतले भन्नुभयो, "ठेकेदारले काम गरेनन्, पूर्वतयारी नै नभएका आयोजनामा बजेट हालियो वा के कारणले यस्तो भयो भनेर अर्थ मन्त्रालयले हेरिरहेको छ ।"

त्यस्तै, योजना तथा कार्यक्रमको स्रोत सुनिश्चिततामा पनि समस्या रहेको उहाँको भनाइ छ । "बहुवर्षीय ठेक्काको स्रोत सुनिश्चिततामा पनि दुरुपयोग भएको अवस्था मैले पाएँ । पहिले वर्षैपिच्छे स्रोत छुट्याउने र ठेक्का लगाउनुपर्ने अवस्था रहेकामा त्यसलाई प्राथमिकता हेरेर अधिकतम तीन वर्षसम्मको सीमा राखेर बहुवर्षीय आयोजना बनायौँ । अहिले यसमा पनि समस्या देखिएको छ", उहाँले कार्यक्रममा भन्नुभयो ।

बजेटरी समस्या समधान गर्न आगामी आर्थिक वर्षको बजेटबाट सरकारले समयमै कार्यविधि बनाउने, ठेक्का लगाउनेलगायतका कामका लागि समयसीमा नै तोकिदिएको पनि अर्थमन्त्री डा महतले बताउनुभयो । यसले वर्षान्तमा भुक्तानी माग्ने प्रवृत्तिलाई पनि रोक्ने उहाँको जिकिर छ ।

"वैशाखसम्म शून्य काम भएका आयोजना र कार्यक्रममा अहिले हतारमा काम गरेको देखाएर भुक्तानी माग्ने चलन छ । मैले यो हेरिरहेको छु। यस्तो गलत प्रवृत्ति दोहोरिन नदिने गरी सरकार लागेको छ", अर्थमन्त्री महतले भन्नुभयो ।

सामाजिक सुरक्षा, प्रशासनिक खर्च, सार्वजनिक ऋणको साँवा-ब्याजलगायत अनिवार्य दायित्व सिर्जना भइसकेका शीर्षकमा बजेट छुट्याउँदा त्यसको असर पुँजीगत खर्चमा परेको पनि अर्थमन्त्री महतको अनुभव छ । सार्वजनिक लेखा समिति सभापति अर्जुननर सिंह केसीले करदाताले तिरेको करको खर्च मितव्ययी रूपमा खर्च नभए प्रजातान्त्रिक मान्यताको उल्लङ्घन हुने बताउनुभयो । नागरिकको कर कति र कुन ढङ्गले कहाँ प्रयोग भएको छ भनेर हेरिनुपर्ने उहाँको भनाइ छ।

त्यस्तै, लेखापरीक्षणका लागि आवश्यक प्राविधिक क्षमता विकासमा ध्यान पुऱ्याउन जरुरी रहेको केसीले बताउनुभयो। "सरकारी सङ्घसंस्थामा चरम राजनीतिकरण भएको विद्यमान अवस्थाले गर्दा नतिजा दिन नसकेको अवस्था छ । बर्सेनि बेरुजुको रकम बढ्दै गएको छ। आर्थिक अनियमिता र विचलनले भयावह स्थिती सिर्जना भइरहेको छ । यही अवस्थाम भोलि दातृ निकायले पत्याउन नसक्ने अवस्था आउने सम्भावना रहन्छ", केसीले भन्नुभयो।

पूर्वतयारी नै नसकिएका आयोजनामा बजेट छुट्याउने र खर्च भुक्तानी दिने, ठूलो रकम वर्षान्तमा भुक्तानी दिनेप्रवृत्ति रोकिनुपर्ने केसीले बताउनुभयो। त्यस्तै, जथाभावी रकमान्तर गर्ने चलनले पनि भ्रष्टाचार र आर्थिक अपचलन बढाएको उहाँको भनाइ छ।

कार्यवाहक महालेखापरीक्षक राममाया कुँवरले लेखापरीक्षणलाई तथ्यपरक र वस्तुनिष्ठ बनाउन अन्तर ाष्ट्रियस्तरको उत्कृष्ट अभ्यासको तथा जोखिममा आधारित लेखापरीक्षण प्रणाली अवलम्बन गरिएको बताउनुभयो । सार्वजनिक निकायलाई उच्च, मध्यम र न्यून जोखिम क्षेत्रका रूपमा पहिचान गरी सोही आधारमा लेखाप्रणाली प्रक्रिया अवलम्बन गरेको उहाँको भनाइ छ।

"उच्च जोखिम भएका निकायको विस्तृत लेखापरीक्षण गर्ने, मध्यम जोखिम भएका निकायको छनोट गरिएका कारोबारको मात्र लेखापरीक्षण गर्ने र न्यून जोखिम भएका निकायको वित्तीय विवरण परीक्षण गर्ने नीति लिइएको छ।

त्यस्तै, उच्च र मध्यम जोखिम भएका निकायको स्थलगत लेखापरीक्षण गर्ने तथा न्यून जोखिम भएका निकायमा दूर लेखापरीक्षणको नीति अवलम्बन गरिएको उहाँले जानकारी दिनुभयो । न्यून जनशक्ति तथा बढ्दो आर्थिक कारोबार अहिले महालेखा परीक्षक कार्यालयको कार्यसम्पादनमा देखिएको मुख्य चुनौती रहेको पनि कुँवरको भनाइ छ।

"उपलब्ध मानवीय तथा भौतिक क्षमताबाट सार्वजनिक क्षेत्रको आर्थिक कारोबारमा भएको वृद्धि, वर्तमानमा आर्थिक अनुशासन उल्लङ्घनमा बढ्दै गएको अवस्थालगायतका कारण कार्यसम्पादनमा समस्या छ । यद्यपि, अल्पकालीन र दीर्घकालीन सुधारका क्षेत्र पहिचान गरेर अघि बढिरहेका छौँ", उहाँले भन्नुभयो । महालेखापरीक्षकको कार्यालयले नियमितता, मितव्ययितता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको दृष्टिकोणले लेखापरीक्षण गरी राष्ट्रपतिसमक्ष प्रतिवेदन बुझाउने गरेको छ । वार्षिकोत्सवका अवसरमा महालेखा परीक्षकको कार्यालयले उत्कृष्ट कर्मचारीलाई सम्मान पनि गरेको छ।

**साढे नौ खर्ब बेरुजु**

महालेखा परीक्षकको ६० औं प्रतिवेदनअनुसार सरकारको हालसम्मको कूल बेरुजु रु नौ खर्ब ५९ अर्ब ७९ करोड नाघेको छ । महालेखाको प्रतिवेदनअनुसार सङ्घीय तथा प्रदेशका सरकारी निकाय, स्थानीय तह, सङ्गठित संस्था, समिति र अन्य संस्थासमेत कूल छ हजार पाँच सय ४३ वटा निकायको लेखापरीक्षण गर्दा गत आर्थिक वर्ष २०७८/७९ सम्ममा साढे नौ खर्बमाथि बेरुजु देखिएको हो।

कूल बेरुजुमध्ये अद्यावधिक बेरुजु रु पाँच खर्ब ८७ अर्ब ३३ करोड ७४ लाख र कारबाही टुङ्गो लगाउनुपर्ने बेरुजु रु तीन खर्ब ७२ अर्ब ४५ करोड १३ लाख बराबर रहेको छ । गत आर्थिक वर्ष २०७८/७९ मा मात्रै रु एक खर्ब १९ अर्ब ७७ करोड बराबर बेरुजु थपिएको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ । गत वर्ष मात्रै सङ्घीय सरकारी निकाय तथा कार्यालयमा रु ५६ अर्ब ३१ करोड, प्रदेशका निकाय तथा कार्यालयमा रु सात अर्ब २० करोड, सरकारका विभिन्न समिति तथा संस्थाको रु १३ अर्ब ३८ करोड र स्थानीय तहको रु ४२ अर्ब ८८ करोड बराबर बेरुजु थपिएको देखिन्छ ।रासस

# निराश असारे पन्ध्र



महोत्तरी । असारे गीत गाउँदै हिलाम्य खेतमा पसेर छुपुछुपु धान रोपिने असारे पन्ध्र पर्व यसपालि निराश भएको छ । असार दोस्रो साता बित्दासम्म पर्याप्त पानी नभएर धानको गाबोसम्म पनि लगाउन नपाइएपछि यहाँका किसानलाई यसपालिको असार पन्ध्र निराश बनेको हो । धान रोपाइँसँग मनाइने धान दिवसका दिन रोपाइँको सुरसार नभएपछि किसानमा उल्लास छैन ।

"रोपाइँको के कुरा गर्नु खै ? यसपालि त धुले बीउ राख्ने पानी पनि परेन् । घामको रापले दुबोसमेत मरेको छ", बर्दिबास-७ मनहरिपुरका किसान नीरबहादुर खत्री भन्नुभयो, "धान रोपिने खेत खडरङ्ग सुकेर खनजोत गर्न सकिएको छैन ।"

मुख्य बालीका रूपमा रहेको धान लगाउन पानी नै नपरेपछि रोपाइँसँग जोडिएको असारे पन्ध्र पर्वको खुसी छाउन नसकेको खत्रीसहित यहाँका किसानको भनाइ छ । अलिपछि पानी परिहाल्ला भन्ने आशमा घरकरेसा नजिक दुःख गरेर राखिएको धानको बीउ ब्याडमै सुकेको छ। माटो गालेर पानी परी हाले पनि बीउको अभावले धान रोप्न नपाइने किसान बताउँछन् ।

"दिनहुँ ब्याडमा पानी छर्केका भरले बीउ जाग्दो रहेनछ, असार-१५ त भइहाल्यो, अब माटो गाल्ने गरी पर्याप्त पानी परे पनि बीउको अभावले रोपाइँ गर्न सकिँदैन" भङ्गाहा-४ पलारका किसान महेश सर्दारले भन्नुभयो । असार लाग्नासाथ आकाशमा बादल मडारिने, वर्षा हुन थाल्ने र सबै किसान रोपाइँमा व्यस्त हुने पुरानो तालिका केही दशकयता कथाजस्तै बन्न थालेको पाका किसान सम्झनुहुन्छ ।

"अखाढ चैढ्ते हमर दादा हवाके गतिके आधारमे बारिस होयबाक/नई होयबाक अनुमान करैत छला, आ ओ अनुमान ठिक बैठेत छल" (असार लाग्नासाथ मेरा बाजे हावाको गति गमेर वर्षा हुने/नहुने अनुमान गर्नुहुन्थ्यो, त्यतिखेर त्यो अनुमान मिल्थ्यो) पलारका ८५ वर्षीय किसान चौठी बाँतरले भन्नुभयो, "आब त गर्मी, हवा आ मेघ देख्क कैल कोनो अनुमान नई मिलैय" (अचेल त गर्मी, हावा र बादल हेरेर गरिने अनुमान केही मिल्दैनन्) । के कारणले यस्तो भएको भन्ने जानकारी नभए पनि मानिसले प्राकृतिक सम्पदामाथि मनलाग्दो दखखल बढाउँदा मौसमका अनुमान मिल्न छाडेका विद्यालयका शिक्षकले सुनाएका बाँतरले बताउनुभयो ।

"झमझम पानीमा रुझेर रोपाइँमा लाग्नुपर्ने बेलामा दिउँसभरि टन्टलापुर घाम र राति आकाशभरि तारा देखिन्छन्", भङ्गाहा-४ रामनगरका ७८ वर्षीय किसान दीपबहादुर फुयाँल भन्नुभयो, "अहिले त महिना पनि असार हो कि होइन भनेर झस्काउने पो गरेको छु ।" असार मध्य भइसक्दासम्म राम्ररी पानी नपर्दा असारे पन्ध्र पर्वको उल्लास र रौनक कतै नदेखिएको उहाँले बताउनुभयो । धान रोप्न नपाएपछि यहाँका किसान परिवार कसरी पाल्ने भन्नेमा चिन्तित छन् ।

समयमा धान रोप्न नपाएपछि खाद्यान्न सङ्कट पर्ने चिन्ताले पिरोलेको स्थानीय जमिला खातुनले बताउनुभयो । जेठको तेस्रो साताभित्र बीउ राखिसक्ने र असार तेस्रो साताभित्र धानको मूल (शाही) रोप (धानको मूल रोप र खरुअन (कलम) रोप गर्ने चलन) रोपी सक्ने किसानको तालिका यसपालि पानीको अभावले रोकिएको उहाँको भनाइ थियो।

असार तेस्रो साताभित्र शाहीरोप सक्ने र त्यो रोपो गाँजिएपछि उखेलेर साउन तेस्रो साताभित्र खरुअन (कलम) को रोपाइँ सक्ने धान खेतीको तालिका रहँदै आएकामा आकाशे पानी नपर्दा खेती नै सङ्कटमा पर्न सक्ने देखिएको औरही नगरपालिकाको भोइल बस्तीका किसान मोहन महतोले बताउनुभयो ।

समयमा पानी नपर्दा, धानको बीउ नपाउँदा ब्याड राख्न ढिलाइ भएको, मल पाउन नसकेको र अहिले खेतमा पर्याप्त पानी नहुँदा यहाँका किसान आकासतर्फ हेर्दै दिन बिताउँदैछन् ।

"खेतीका लागि पहिलो कुरा सिँचाइको प्रबन्ध हुनुपर्ने हो", बर्दिबास-९ पशुपतिनगरका ८५ वर्षीय किसान नथुनी महतोले भन्नुभयो, "बस्ती नजिकका नदी/खोल्सी घरखेत बगाउने र बर्खे भेलले बिजोग बढाउनेमात्र छन्, बाँधपैनी (कुलो नहर) को प्रबन्ध नहुनु, बीउमल समयमा पाउन नसक्नु र सिँचाइको सुविधा नपुग्नुलगायत कारणले राम्रो खेती हुन सकेको छैन ।" सरकारले किसानलाई दिने भनिएका कृषि ऋण, अनुदान र अन्य सुविधा समयमा नपाउँदा किसान थप मर्कामा परेका उहाँको भनाइ थियो।

महोत्तरी जिल्लामा कूल खेतीयोग्य ७१ हजार हेक्टर जग्गामध्ये करिब ५० हजार हेक्टर क्षेत्रफल धान खेतीका लागि उपयुक्त मानिन्छ । पानी, बीउ, कृषि जनशक्ति र मलको अभावका कारण रोपाइँमा समस्या हुने गरेको कृषि सेवा प्रदायक सरकारी कार्यालयका कृषिविज्ञ बताउँछन् । पानीको अनुकूलता/प्रतिकूलतामा धान खेतीको क्षेत्रफल बर्सेनि घटबढ हुने गरेको उनीहरू बताउन्छन् । जिल्लामा कूल खेतीयोग्य जग्गामध्ये १० प्रतिशतमात्र सिञ्चित रहेकाले यहाँको धेरैजसो खेती आकासे पानीमै भर पर्नुपर्ने स्थिति रहेको कृषि ज्ञान केन्द्र महोत्तरीका प्रमुख वरिष्ठ कृषि विकास अधिकृत डा रामचन्द्र यादवले बताउनुभयो। यसपालि वर्षा नहुँदा रोपाइँ अलि पछि पर्ने देखिएको उहाँको भनाइ छ।

जिल्लामा रातु, बडहरी, ओक्सी, जङ्घा, मरहा, भब्सी, खयरमारा, बिग्ही, कुटमेश्वरी, बाँकेलगायत नदी बगे पनि ती नदीको पानी उपयोग गरी खेतबारीमा सिँचाइ गर्न नसकिएको यादवले बताउनुभयो ।

"जिल्लामा प्रत्येकजसो बस्ती छेउमै नदी बग्छन्", एकडारा गाउँपालिकाका किसान इलियास अन्सारीले भन्नभयो, "नदीको पानी खेतमा सिँचाइका लागि व्यवस्थित गर्न नसकिँदा बर्खेभेलले घरखेत बगाउने त्रासमा बस्नु परेको छ ।" पानीकै अभावले कुनै खेती समयमा लगाउन नपाउँदा अपेक्षित उत्पादन कहिल्यै लिन नसकेको किसानको भनाइ छ।

जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकासहित १५ स्थानीय तहले कृषि पहिलो प्राथमिकता रहेको बताउँदै आए पनि सिँचाइको प्रबन्ध नगर्दा किसान मर्कामा परेका छन् । सुक्खा, खडेरी, अल्पवृष्टि, अनावृष्टि र बाढीपहिरा, चुरेक्षेत्र र नदीमा हुने अनियन्त्रित उत्खननलगायत कारणले मनसुन सुरु भए पनि पानी पर्न नसकेको चुरेविज्ञ डा विजयकुमार सिंहले बताउनुभयो । "चुरेक्षेत्रका पर्वत श्रेणी ठूल्ठूला मेसिन लगाएर ढालिएका छन्, नदीहरूमा अनियन्त्रित दोहन रोकिएका छैनन, वनक्षेत्र मासिएका छन्", उहाँले भन्नुभयो, "हामीले भोगिरहेका कृषिक्षेत्रका समस्या धेरैजसो मानव सिर्जित छन्, यिनको व्यवस्थापन र संरक्षणमा आमचासो आवश्यक छ।"

उहाँले राष्ट्रपति तराई मधेस चुरे संरक्षण विकास समितिमा विज्ञका रूपमासमेत काम गरिसक्नु भएको छ। मौसमको साथ नपाएर असार मध्य बित्दा पनि रोपाइँ गर्न नपाएपछि यहाँका किसान चिन्तित छन्। रासस

# 'ट्रायल' पास हुने १० प्रतिशतले बढे

काठमाण्डु । चालक अनुमतिपत्रका लागि लिइने प्रयोगात्मक परीक्षा (ट्रायल) मा ७० प्रतिशत ल्याउँदा पास हुने व्यवस्था लागू भएसँगै दुई पाङ्ग्रे सवारीसाधनको ट्रायल परीक्षा पास हुने १० प्रतिशतले बढ्का छन् ।

बागमती प्रदेश सरकारले गरेको निर्णयअनुसार काठमाडौं उपत्यकाका चारवटै यातायात व्यवस्था कार्यालयले गत फागुनदेखि ट्रायल दिँदा ७० प्रतिशत आए पास हुने नियम लागू गरेका थिए ।

पहिले दुई पाङ्ग्रे सवारीसाधनमा स-साना गल्तीका कारण फेलको सङ्ख्या बढी भएकाले अहिले प्रयोगात्मक परीक्षामा ७० प्रतिशत हुँदा पास हुने व्यवस्था लागू गरेपछि पास हुनेको सङ्ख्या बढेको यातायात व्यवस्था कार्यालय (चालक अनुमतिपत्र) एकान्तकुनाका प्रमुख राजकुमार कपालीले बताउनुभयो । दुई पाङ्ग्रे सवारीसाधनमा पास हुनेको सङ्ख्या १० प्रतिशत बढे पनि चार पाङ्ग्रे सवारीसाधनको परीक्षामा भने पहिलेभन्दा उल्लेखनीय रूपमा बढ्न नसकेको उहाँले बताउनुभयो ।

गाडीमा धेरैजसो उकालो र हिल ब्रेकमा फेल हुने प्रमुख कपालीले बताउनुभयो । चार पाङ्ग्रे तथा ठूला गाडीमा ७० प्रतिशत ल्याउँदा पास हुने नियम लागू भए पनि गाडीको ट्रायलमा मौका नहुने भएकाले फरक नपरेको उहाँले बताउनुभयो ।

अनुमतिपत्रको परीक्षामा पहिले गाडीमा भन्दा मोटरसाइकल र स्कुटरमा बढीफेल हुनेगरेको यातायात कार्यालयले जनाएको छ । पुरानो कार्यविधिअनुसार परीक्षा दिँदा सेवाग्राहीले मोटरसाइकल चलाउँदा एउटा खुट्टा टेकेर फेल हुने गरेका थिए। रासस

# औद्योगिकीकरणमा नयाँ शुरुआत, थप सात स्थानमा औद्योगिक ग्राम स्थापना हुने

काठमाण्डु । मुलुकमा औद्योगिक वातावरण बनाउने र नयाँ उद्योग स्थापना गर्ने लक्ष्यका साथ सरकारले थप विभिन्न सात स्थानमा औद्योगिक ग्राम स्थापना गर्ने भएको छ । थप औद्योगिक ग्राम स्थापना हुने स्थानमा कालीकोटाको रास्कोट, नरहरिनाथ, बाँकेको राप्तिसोनारी, पाल्पाको रम्भा, अर्घाखाँचीको शितगङ्गा, पर्साको जगरनाथपुर र बाराको महागढीमाई नगरपालिकामा रहेका छन् । यही असार १२ गतेको मन्त्रिपरिषद् बैठकले ती औद्यौगिक ग्राम स्थापना गर्ने निर्णय भएको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिनुभयो ।

मन्त्रिपरिषद्को निर्णयका बारेमा जानकारी दिन आज मन्त्रालयमा आयोजित नियमित पत्रकार सम्मेलनमा मन्त्री शर्माले सार्वजनिक सडकसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको अवधारणापत्र अनुसार कानून तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने निर्णय भएको बताउनुभयो ।

त्यस्तै संयुक्त राष्ट्रसङ्घको आयोजनामा न्यूयोर्कमा आयोजना हुने दिगो विकासका लागि उच्चस्तरीय सम्मेलनमा सहभागी हुन राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ नेतृत्वको प्रतिनिधि मण्डल गठन गरिएको छ ।

यस्तै, चीनको राजधानी बेइजिङमा आयोजना हुने विकास प्रक्रियाका बारेमा अन्तर्राष्ट्रिय अनुभव विषय सम्मेलनमा भाग लिनसमेत उपाध्यक्ष श्रेष्ठ नेतृत्वको प्रतिनिधिमण्डललाई नै स्वीकृत प्रदान गरिएको मन्त्री शर्माले बताउनुभयो । आगामी साउन ८ देखि १० सम्म संयुक्त अरब इमिरेट्सको अबुधावीमा आयोजना हुने अन्तर्राष्ट्रिय सौर्य गठबन्धन (आईएसए)को क्षेत्रीय समितिको पाँचौँ बैठकमा सहभागी हुन ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतलाई सहभागी हुन स्वीकृति दिइएको छ ।

नेपाल सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री शर्माका अनुसार सरकारले रुपन्देहीको साविक खुदाबागर गाविसमा अवस्थित सरकारी जग्गा खुदाबागर आदर्श कलेजलाई लिजमा दिन स्वीकृति दिने तथा सिरहाको साविक लवटोली गाविसको जग्गा कर्जन्हा नगरपालिकालाई १५ शय्याको आधारभूत अस्पताल निर्माणार्थ उपयोग गर्न स्वीकृति दिने निर्णय भएको जानकारी दिनुभयो । ललितपुरको साबिक झरुवाराशीको सरकारी जग्गा तथा सार्वजनिक प्रकृतिको जग्गा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र ललितपुरलाई अस्पताल भवन निर्माणार्थ प्रयोग गर्न स्वीकृति प्रदान गरिएको छ ।

जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम गुर्भाकोट नगरपालिका सुर्खेत, मङ्गला गाउँपालिका म्याग्दी, चैनपुर नगरपालिका सङ्खुवासभा, गुजरा नगरपालिका रौतहट, मुसिकोट नगरपालिका गुल्मी र मालिका गाउँपालिका म्याग्दीको परियोजनाका लागि जग्गा प्राप्त गर्न स्वीकृति दिइएको छ ।

त्यस्तै बैठकले अजरबैजानको बाकुमा यही असार २० देखि २१ गतेसम्म आयोजना हुने असल राष्ट्रको मन्त्रिस्तरीय बैठक र असार १८ देखि १९ मा आयोजना हुने उच्च अधिकारीको बैठकमा नेपालको तर्फबाट प्रतिनिधित्व गर्न परराष्ट्रमन्त्री नारायणप्रकाश साउदको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डल गठन गरेको छ।

सरकारले यही असार २० देखि २२ गतेसम्म गणतन्त्र कोरियाको बुसानमा आयोजना हुने एक अन्तर्राष्ट्रिय बैठकमा सहभागी हुन सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदी नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति दिएको छ।

त्यस्तै, सरकारले नेपाल दूरसञ्चार प्राधिकरणको बजार व्यवस्थापन सदस्य पदमा नवराज अधिकारीलाई नियुक्त गर्ने निर्णय गरेको छ। त्यस्तै मन्त्रिपरिषद् विधेयक समितिबाट पेश भएको सवारी तथा यातायात व्यवस्था (नवौं संशोधन) नियमावली, २०८० स्वीकृत गर्ने निर्णय भएको मन्त्री शर्माले उल्लेख गर्नुभयो। रासस

# कोशी प्रदेशका मुख्यमन्त्री कार्की पदमुक्त

**टुडे समाचारदाता**

विराटनगर । विश्वासको मत पाउन नसकेर कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की पदमुक्त भएका छन् । ९३ सदस्यीय प्रदेशसभामा बहुमतका लागि ४७ मत आवश्यक पर्नेमा कार्कीको पक्षमा ४६ मत मात्रै खस्यो, जुन एमाले र राप्रपाको मत हो । कार्कीको सरकार टिकाउन एक मत पुगेन ।

विश्वासको मत लिने बेलामा ४३ मत खसे पनि नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रको गठबन्धनसँग सभामुख बाहेक ४६ मत नै छ । विश्वासको मत दिँदा एक सांसद रहेको जसपा निर्वाचन प्रक्रियामा तटस्थ बस्यो । जसपा सांसद निर्मला लिम्बू मत विभाजन बैठकमै अनुपस्थित भइन । प्रतिपक्षका दुई सांसद पनि आएनन् ।



कठिन अंकगणितका कारण कांग्रेस माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी पार्टीको गठबन्धनलाई नयाँ सरकार गठनका लागि सजिलो छैन । कोशीमा नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रले सरकारमा दाबी गरिरहेका छन् । सभामुख निर्णयक भएका कारण गठबन्धन दललाई बहुमत जुट्ने आश छ ।

सभामुखले बराबरी हुँदा मात्रै निर्णायक मत दिन पाउने भएका कारण गठबन्धन दललाई विश्वासको मत लिने बैठकमा विपक्षी दलका एक जना मात्रै सांसद अनुपस्थित भए भने के गर्ने भन्ने चिन्ता छ ।

प्रतिपक्षी दलले धारा १६८(२) अनुसार नयाँ सरकार गठन हुनुपर्नेबताइरहेका छन् । नेकपा एमाले भने धारा १६८(३) अनुसार ठूलो दलको नेतृत्वमा सरकार गठन हुनुपर्ने अडान छ । एमाले कोशीको सबैभन्दा ठूलो दल हो । बहुमत जुटाउन नसकेको एमाले सहमतीय सरकारको पक्षमा छ ।

'अहिले पनि म सर्वपक्षीय सरकार गठनको पक्षमा छु,' कार्कीले विश्वासको मत माग्दा उठेका प्रश्नको जवाफ दिने क्रममा भनेका छन्, 'कुनै पनि गठबन्धन एकले अर्कालाई बाइपास गरेर, त्यो पनि सबभन्दा ठूलो दललाई बाइपास गरेर चल्ने र टिक्ने वाला छैन ।'

नयाँ सरकार गठनका लागि राप्रपा निर्णायक भएका कारण गठबन्धन दलले राप्रपालाई फकाइरहेका छन् । विश्वासको मत एमालेलाई दिएको राप्रपाले के गर्ने भन्ने निर्णय सुनाइसकेको छैन ।

कोशी प्रदेशमा एमालेको ४० र राप्रपाको ६, कांग्रेसको २९, माओवादी केन्द्रको (सभामुख बाहेक १२), नेकपा एकीकृत समाजवादी पार्टीका ४ र जसपाका १ सांसद छन् ।

# मिथिलाको नगरसभा अनिश्चित

**टुडे समाचारदाता**

जनकपुरधाम । एमालेको अवरोधका कारण धनुषाको मिथिला नगरपालिकाको नगरसभा अनिश्चित हुन पुगेको जनाइएको छ । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको अवरोधका कारण नगरसभा बस्न नसकेको नगरप्रमुख महेन्द्र महतोले जनाएका छन् ।





स्थानीय तहले असार १० गतेभित्र बजेट ल्याउनुपर्ने कानुनी व्यवस्था भए पनि नगरको नीति तथा कार्यक्रम र बजेट ल्याउने समय ५ दिन वितिसकेको छ । मिथिला नगरपालिकामा एमालेको बहुमत छ । मिथिलाको २१ सदस्यीय कार्यपालिकामा एमालेको सबैभन्दा बढी उपप्रमुखसहित १० जना नगरसभा सदस्य छन् भने, नेपाली कांग्रेसको नगरप्रमुख सहित ५ जना नगरसभा सदस्य रहेका छन् ।

नगरपालिकाको नीति तथा कार्यक्रम र बजेटका विषयमा विवादका कारण नगरसभा सम्पन्न हुन सकेको छैन । नगरसभाको तयारीका लागि बसेको कार्यपालिकाको बैठकमा एमाले र नेकपा एकीकृत समाजवादी पार्टीका जनप्रतिनिधि सहभागी भए पनि हस्ताक्षर नगरी बैठक छोडेर गएपछि नगरसभा नै बस्न सकेनन् । नीति तथा कार्यक्रम कार्यपालिकाबाट पास गराउन गत जेठ १७ र असार ३ गते बैठक डाकिएको थियो तर त्यसमा यी दुई दलका जनप्रतिनिधि सहभागी नै नभएको नगरप्रमुख महतोको भनाइ छ ।

नगरप्रमुखको बैठक डाकेर सबै जनप्रतिनिधिलाई छलफलमा बोलाउने प्रयास विफल भएपछि अन्ततः फेरि गत १२ गते बैठक डाकियो तर एमालेको अवरोध कायमै रह्यो । मिथिला नगरपालिकाका प्रमुख महतोले नेकपा एमालेबाट निर्वाचित जनप्रतिनिधिहरुको आन्तरिक विवादका कारण बजेट प्रभावित भएको बताए ।

पटक-पटक नगरसभा गर्ने प्रयास गरे पनि असफल भएको उनको गुनासो छ । उनले भने ' तीन पटक नगरसभा गर्ने विषयमा कार्यपालिका बैठक आह्वान गर्‍यौं । तर तीनै पटक एमालेबाट निर्वाचित जनप्रतिनिधिहरु असहयोग गरे।' केन्द्रमा नेकपा एकीकृत समाजवादी सत्तारुढ गठबन्धनमा सहभागी छ, तर हाम्रो नगरपालिकामा कस्तो बिडम्वना छ त्यो दललाई एमालेले काँखी च्यापेर अगाडि बढी रहेको छ।'

मिथिला नपाको ३ मा रहेको नगरस्तरीय योजनाबाट सडक ढलानका लागि २० लाखको बजेट छुट्याइएको थियो । जुन योजना वडाध्यक्षलाई जिम्मा लगाउन उपप्रमुख सुनिता सिंह बुढाथोकीले अडान लिँदै विवाद सिर्जना गरेको नगरप्रमुख महतोले आरोप लगाए । जब कि गत आर्थिक वर्षमा मिथिला नगरपालिकामा रहेको ११ वटै वडालाई समानरुपले १ करोड १० लाख बजेट वडाध्यक्षहरुलाई उपलब्ध गराइएको थियो । यसअघि एमालेकै नगरप्रमुख हुँदा पनि यति बजेट नदिने गरेको दाबी गर्दै नगरप्रमुख महतोले बजेट पर्याप्त मात्रामा उपलब्ध गराउन आफू तयार भए पनि एमालेको अवधरोधको तुक आफू बुझ्न सकिरहेको छैन बताए ।

यता मिथिला नगरपालिका वडा नम्बर ८ का वडाध्यक्ष वीरेन्द्र महतोले नगरप्रमुखले नीति तथा कार्यक्रम पास गराउने वातावरण नै बनाउन नसकेपछि बजेट अझैसम्म आउन नसकेको आरोप लगाए । उनले आफूहरुको माग नीति तथा कार्यक्रम पारदर्शी रुपमा तयार नपारिएसम्म एमालेका कुनै पनि जनप्रतिनिधि छलफलमा सहभागीसम्म नहुने स्पष्ट गरे ।

मिथिला नगरपालिकाले आर्थिक वर्ष ०८०/०८१ का लागि झण्डै ८० करोड बराबरको बजेट ल्याउने लक्ष्य लिएको छ । यद्यपि समयमै नगरसभा हुन नसकेकाले त्यसमा केही कमी आउने नगरपालिकाले जनाएको छ । हुन त संघ सरकारले २० प्रतिशत कटौती गरेर बजेटको सिलिङ्ग पठाएको छ ।

## अकाशे पानीको आश

# सिँचाई नहुँदा धान रोपाइमा ढिलाइ

**राजेन्द्र यादव**

जनकपुरधाम । मधेश प्रदेशमा सिँचाइ अभावले धान रोपाइँमा ढिलाइ भएको छ । असार दोस्रो सातासम्म कुल धान खेती हुने जमिनमध्ये मात्र पाँच प्रतिशत किसानले धान रोपाइ गरेका छन् । दिगो सिँचाइको व्यवस्था नभएकाले ७२ प्रतिशत धान खेती आकाशे पानीकै भरमा हुन्छ । तर समयमा पर्याप्त पानी नपर्दा ९५ प्रतिशत किसानले धान रोपाइँ गर्न पाएका छैनन् ।



बीउ तयार भए पनि पानी अभावमा खेत तयार र रोपाइ गर्न नसकेको जनकपुरधाम उपमहानगरपालिका वडा १७ का किसान रामविलास साहले बताए । प्रत्येक वर्ष आकाशे पानीको भरमा धान रोपाइ गर्ने गरेको उनले सुनाए । सिँचाइ अभावले रोपाइमा ढिलाइ भएको उनको गुनासो छ ।

'समयमा पानी परेको भए सबै खेतमा धान रोपिसकेको हुन्थे,'उनले भने,'पानीको सुविधा छैन् । बोरिङको लागि कृषि कार्यालयमा आवेदन दिएको थिए । तर त्यहाँ सोर्स नभएपछि मलाइ दिएन् ।' अर्का किसान लक्ष्मण यादवले पनि सोही कुरा दोहोर्‍याए । अहिले गहिरो क्षेत्रको खेत किसानले रोपि रहेको उनले बताए ।

'उपल्लो जमिनहरुमा पनि केही रोपाइ भएको छ । तर त्यस्तो जमिनमा किसानको लगानी धेरै र उत्पादन कम हुन्छ,'उनले भने,' त्यसकारण किसानले अहिले समथर र गहिरो जमिनमा रोपाई गरिरहेका छन् । सरकारले दीर्घकालीन सिँचाइको व्यवस्था गरिदिए राम्रो हुन्छ । नभए भगवान भरोसे त छदै छौं ।' लक्ष्मीनियाँ गाउँपालिका ४ का रामजीवन शर्मा १६ कठ्ठा जमिनमा मोटरबाट पानी तानेर रोपाइ गरे । बाँकी जमिनको लागि उनले पनि आकाशे पानीकै पर्खाइमा छन् ।

'निजी बोरिङबाट मोटर लगाएर १६ कठ्ठा खेत रोपे । तर बाँकी जमिनमा न निजी सिँचाइ छ न सरकारी,'उनले भने,'त्यसकारण वर्षाकै पानी पर्खिरहेका छौं । मेरो आधाभन्दा बढी जमिनमा वर्षाकै पानीले खेती हुन्छ।' कृषि ज्ञान केन्द्र धनुषाका प्रमुख शंकर प्रसाद साहले धनुषामा कुल एक लाख १९ हजार हेक्टर खेती योग्य जमिन रहेको बताए।

उनका अनुसार कुल खेती योग्य जमिन मध्ये ७१ हजार हेक्टर समथर र पाँच हजार उपाखो गरी ७६ हजार हेक्टर छ । यीमध्ये ६५ हजार ६ सय हेक्टर जमिनमा धान खेती हुँदै आएको छ । ३५ हजार हेक्टरमा सिँचाइ छ । बाँकी जमिनमा सिँचाइ अभाव छ । 'सिँचाइको व्यवस्था नहुँदा १५ हजारदेखि २० हजार हेक्टर जमिन प्रत्येक वर्ष बाँझो रहने गर्छ,' उनले भने ।

राष्ट्रिय धान बाली अनुसन्धान केन्द्र हर्दिनाथ बनिनियाँका प्रमुख डा. रामबरण यादवले हालसम्म मधेश प्रदेशमा मात्र पाँच प्रतिशत जमिनमा धान रोपाइ भएको बताए । उनका अनुसार ९५ प्रतिशत जमिनमा सिँचाइ र किसानको तयारी अभावले रोपाइ हुन सकेको छैन् । प्रत्येक वर्ष मधेश प्रदेशको रोपाइमा ढिलाइ हुँदै गएको उनको कथन छ । मधेश प्रदेशमा चार लाख हेक्टर जमिनमा धान खेती हुने भए पनि २८ प्रतिशत जमिनमा मात्रै सिँचाइको व्यवस्था रहेको उनले बताए । तर, कृषि विकास निर्देशनालयका सूचना अधिकृत रामकलेश साहले मधेशमा आठ प्रतिशत रोपाइ भएको बताए। उनले करीब ५० प्रतिशत जमिनमा सिँचाइ पनि रहेको दाबी गरे ।

### रोपाई नहुँदै मलको चिन्ता

किसानहरु रोपाई नहुँदै मल नपाउने त्रासमा छन् । जसोतसो रोपाइ गरे पनि मल नपाए लगानी खेर जाने किसानको चिन्ता छ। लक्ष्मीनियाँ ३ गजरियाका रामहृदय साहले असार पहिलो साता १८ कठ्ठा जग्गामा रोपाइँ गरे । बाँकी १२ कठ्ठा जग्गामा रोपाइँका लागि उनले खेतको तयारी गरिरहेका छन्। तर उनलाई अहिले एउटै चिन्ता छ, खेत त जसोतसो रोपिएला, मलचाहीँ कहाँबाट ल्याउने ? धान रोपाइँकै तयारीस्वरूप जेठ अन्तिम साता उनी रासायनिक मलका लागि वडा कार्यालयमा पुगे । वडाध्यक्षले उनलाई स्थानीय सहकारी संस्थाबाट मल लिन दिने आश्वासन दिए। तर उनले अहिले मल पाएका छैनन् । उनी पुनः गत बुधबार वडा कार्यालयमा मल बारे बुझ्न् गएका थिए। तर रित्तै फर्किए। कर्मचारीहरुले मल नआएको उनलाई बताए।

### भारतीय बजारबाट मल आयात

सीमा नाकासँग जोडिएको मधेश प्रदेशका किसानले नेपालमा सहजरपमा मल नपाएपछि प्रत्येक वर्ष भारतीय बजारबाट ल्याउने गरेका छन् । गतवर्ष धानको सिजनमा डीएपी मल नपाएका किसानले यस वर्ष पनि अभाव भएपछि भारतीय बजारबाट ल्याउने मनसाय बनाउन थालेका छन् । 'केही दिन अझै कुर्छौं, पाइएन भने भारतीय बजारमै जानुपर्ला,'अरविन्द यादवले भने,'मल नपाए लगानी खेर जान्छ। मलका लागि प्रत्येक वर्ष तड्पनुपर्छ।'

# धान रोपेको कि चिउरा दही खान आएको ...?

ब्लग :



श्यामसुन्दर शशि

प्रत्येक वर्ष असार १५ गते मुलुकमा तामझामका साथ विशेष उत्सव मनाइन्छ - धान रोप्ने उत्सव । जसमा कृषि प्रधान देशका संघीय मन्त्रीदेखि प्रदेशका मन्त्री, उच्चपदस्थ अधिकारीहरु तथा देशीविदेशी पर्यटकहरु पनि सहभागी हुन्छन् । सौखिया महानुभावहरु वास्तविक किसानको खेतसम्मै पुग्छन् । हिलोमा चिप्लिन्छन् । हँसी ठ्ठा गर्छन । संगै आएका पत्रकार तथा आफूसंगै ल्याएका फोटो ग्राफरले विभिन्न पोजका फोटो र भिडियो खिचुञ्जेल धान पनि रोप्छन् । फोटो सेशन सकिने वितिकै बाहिर निस्किन्छन् । अनि चिउरा, दही, आँपको भोगलगाएर गाडीमा हुँइकिदै आवास फर्किन्छन् । वाथरुपमा डिटोल साबुनले जीउ मिचिमिचि नुहाउँछन् । अनि चियाको चुस्कीसंगै आफ्नो श्रीमतीलाई बेली विस्तार सुनाउँछन् - 'आज वर्षौपछि खेतमै पुगेर धान रोपियो । छ्या ....कतिगन्हाएको त्यो खेतको फोहर पानी । अनि किसानहरुको शरीरबाट निस्केको दुर्गन्धित पसिनाले त हैरानै बनायो ।'

साल बदलिन्छ। पात्र बदलिन्छन् तर असार १५ मा मञ्चन हुने यो नाटक भने प्रत्येक वर्ष मञ्चित हुन्छ नै । वर्षभरि किसानलाई टेरपुच्छर नलगाउने स्थानीय र प्रदेश सरकार पनि पछिल्लो पटक धान रोपाइ दिवस मनाउन थालेको छ । काठमाण्डु,पोखरा र चितवनलगायतका पर्यटकहरुको ओइरो लाग्ने नगरहरुमा मञ्चन हुँदै आएको यो नाटक अब गाउँहरुमा पनि मञ्चन हुन थालेको छ।

पानी नपरेको कारण तराइ मधेशका वास्तविक किसानहरु हैरान छन् । बेर्ना डढन थालेको छ। मल छैन। पानी छैन तर सौकिया किसानहरु पानी पटाएर पनि धान रोप्ने दिवस मनाएका छन् । चिउरा,दही र आँपको भोज खाएका छन् । वर्षको एक दिन धान रोपेर फोटो खिचाउनेहरु ३६५ दिन कृषिकर्ममा जोताइ रहने वास्तविक किसानहरुको पीडा बुझ्न सकेका छैनन् । भन्सार विभागको तथ्यांक अनुसार- सरकारले दैनिक १० करोड रुपैयाँको धान किन्दै आएको छ । चालु आर्थिक वर्षको ११ महिनामा मात्रै ७ लाख २४ हजार ५ सय मेट्रिक टन अर्थात् ३३ अर्ब ६३ करोड रुपैयाँ बराबरको धान चामल आयात गरेको छ । धान,मकै,गहुँ मात्र होइन आलु,प्याज,लसुन,स्याउ,केला लगायतका खाद्यान्न,फलफूल पनि अर्कै देशबाट आयात गर्नुपर्ने बाध्यता छ । सरकारले कृषि उत्पादनको आयात रोक्न स्वदेशमै धानको उत्पादन बढाउनुपर्ने होइन ? बाह्रै महिना सिँचाइ, मलखाद र बीउ बिजनको व्यवस्थापन गर्ने होइन ?

धान नेपालको प्रमुख बाली हो । धानको उत्पादनले मुलुकको आर्थिक वृद्धिदरलाई समेत प्रभावित गर्ने हैसियत राख्द छ। नेपालको कुल गार्हस्थ उत्पादनको २० प्रतिशत कृषि क्षेत्रको योगदान छ । यसमध्ये २० प्रतिशत हिस्सा धान उत्पादन हुन्छ । ५५ वर्ष अघि नेपालविश्वको पाँचौ सर्बाधिक धान उत्पादन देश थियो। तर आर्थिक वर्ष ०७३/७४ मा ५ लाख मेट्रिक टन धान चामल आयात गरेको नेपाल ०७८ सालसम्म आइपुग्दा झण्डै ७ लाख मेट्रिक टन भन्दा बढी आयात गरेको छ।

कोशी र गण्डकी नदी बीचको आठ जिल्ला मधेश प्रदेश हो । मधेशमा कोशी,गण्डकीसँगै बाह्रै महिना पानी बग्ने कमला,जलाद,वागमती जस्ता नदीहरु पनि छन्। जसको प्रयोग सिँचाइ,खानेपानी तथा पशुधन स्याहार प्रयोजनको लागि गर्न सकिन्छ तर यस अघि संचालनमा रहेका युद्ध नहर,बागमती नहर,कमला नहर आदिको साफ सफाइ हुन सकेको छैन।

धनुषामै रहेको हर्दीनाथ सिँचाइ आयोजना सखाप भएको छ। सिँचित क्षेत्र बढनुको साटो खुम्चिदै छ। मधेश सरकार पम्पिङ्ग सेट, डीप बोर्डिङ्ग लगायतका साधनको प्रयोग गरेर सिँचाइ गर्न प्रोत्साहन गरे जस्तो छ। जबकि भूजल अर्थात् सतह मुनिको पानीको लेयर दिनानु दिन तल झर्दै छ। सतह मुनि सुख्खा हुँदैछ । सतह मुनिको पानी खानको लागि प्रयोग गर्ने कि सिँचाइको लागि महाशय??

कृषि उत्पादन बढनु र घट्नुमा सरकारको कुनै योगदान छैन । भगवान भरोसे किसानी भएपछि अन्नदाताहरुका लागि सरकार हुनु र नहुनु केही अर्थ लाग्दैन । गतवर्ष तरकारी अलि बढी उत्पादन भयो तर किसान तरकारी बेच्न बाजार गएनन् । तरकारीको चारा बनाएर मवेशीलाई खुवाए। उनीहरुको दुखेसो थियो - ' चारि समाङ मिलिक तरकारी तोरु। टाइपर लादिक बाजार ल जाउ आ दश रुपैए किलो झिमनी बेचू ? एहिसँ निक माले जाल के खिया देलिऐ।' झिमनी, घिरौला आदि गाउँको बाजारमा दश रुपैयाँ किलो बिक्री भइरहेको बेला जनकपुर बाजारमा २५ रुपैयाँ थियो र काठमाण्डुमा ४० रुपैयाँ।

कृषि उत्पादनलाई संग्रह गर्न गाउँमै कोल्ड स्टोर भएको भए ? ग्रामीण किसानहरुको पहुच जनकपुर र काठमाण्डुसम्म भएको भए ? मिहिनेत गरेर उब्जाएको तरकारी गाई गोरुलाई खुवाउनु पर्ने अवस्था आउने थिएनन् । मधेश प्रदेश सरकार कोल्ड स्टोर बनाउन अनुदान पनि दिएको थियो तर अनुदान रकम सत्ताधारी नेताहरुको दैलोमा पुग्यो । प्रदेश सरकारको लगानीमा निर्माण भएका कोल्ड स्टोरहरु निजी सरह प्रयोग हुँदै छन् ।

संघीय सरकारले आलु र प्याजमाथि भ्याट लगाएको छ । सरकारले १३ प्रतिशत भ्याट लगाउँदा आलु प्याजको मूल्य झण्डै दोब्बरले बढेको छ। किन र कसरी ? यसको जवाफ सरकारसंग छैन । अचेल तरकारी व्यावसायीहरु सडकमा छन् । जनकपुरका आलु प्याज व्यवसायीहरु अचेल दैनिक प्रदर्शन गर्दै छन् । सत्ता गठबन्धनका होस कि विपक्षी गठबन्धनका सबै दलका किसान संघ छन् । किसान मोर्चा छन् । तर आलु प्याजमा भ्याट लगाउँदा सबै मुख थुनेर बसेका छन्। किसानहरु कृषि उपजको उचित मूल्य पाउन नसक्दा केही बोल्दैनन् । सिँचाइ,मल,खाद र बीउ बिजनको आभाव बारे प्रश्न गर्दैनन् । पार्टीका किसान संगठनहरु पार्टीका लागि भोट सोहर्ने संगठन प्रतीत हुन्छ। असार १५ को भोजमा किसान नेताहरुको चुरी फुरी पनि कम हुदैनन् ।

# चोरीको आरोपमा ७ जना पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहटमा बैंक खाताबाट सेवाग्राहीको रकम चोरी गरेको आरोपमा सातजनालाई प्रहरीले पक्राउ गरेका छन् ।



जिल्लाको चन्द्रपुर-४ स्थित माछापुच्छे बैंक चन्द्रनिगाहपुर शाखाको खाताबाट सेवाग्राहीको रकम चोरी गरेको आरोपमा उनीहरु पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा पर्सा वीरगञ्ज महानगरपालिका- १६ नगवाका २१ वर्षीय राज नारायण चौरासिया, वडा नम्बर १९ स्थित केहुनी विन्दाबासनीका २१ वर्षीय महम्द मुस्तुफा हवारी, दोलखा बैदेश्वर गाँउपालिका-५ सिमबारी टोलका २९ वर्षीय सुन्दर खड्का, काभ्रेपलान्चोक भुम्लु गाउँपालिका-९ पिङगोलाका १९ वर्षीय महेश थापा, उदयपुर रौउतामाई गाउँपालिका-२ भुट्टारका २० वर्षीय केवल रास्कोटी, सिरहा मिर्चैया नगरपालिका-८ भगवानपुरका १९ वर्षीय दिपे सदा र २३ वर्षीय श्रवण दास रहेको इलाका प्रहरी चन्द्रनिगाहपुरले जनाएको छ ।

उनीहरुले बृन्दावन नगरपालिका-३ का रामेश्वरराय यादवको खाताबाट गत जेठ ५ गते गैरकानुनी ढंगबाट ९ लाख ट्रान्सफर गरेका थिए । यादवको माछापुच्छे बैंकको खाता नम्बर ०७५००६५३८२८०००१४ मा रहेको ९ लाख रकम जेठ ५, ६ र ७ गते दैनिक ३ लाखका दरले अन्य बैंकको खाता र खल्ती सेवामा अनाधिकृत रुपमा रकम ट्रान्सफर गरी ठगी गरेको प्रहरीको अनुसन्धानमा खुलेको छ । उनीहरूले पीडित व्यक्तिको बैंक खातामा पहुँच पुर्‍याएर विभिन्न व्यक्तिको खातामा अनाधिकृत रुपमा रकम ट्रान्सफर गरेको इलाका प्रहरी चन्द्रनिगाहपुरका प्रमुख डीएसपी एकनारायण कोइरालाले जानकारी दिए । उनीहरुमाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

विद्युतीय उपकरण (मोबाइल, टयाब, ल्यापटप आदि)को अधिक प्रयोग:

- बालबालिकाको आँखाको ज्योति बिग्रने,
- दिमागमा असर पर्ने,
- समयमा नसुत्ने,
- खानपान तथा दिसापिसाबमा समेत ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने,
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त सञ्चारमा प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गसमेत हुन सक्ने भएकोले

बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोग गर्न नदिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

आवश्यकता

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

तपसिल

| जिल्ला | स्थान |
|---|---|
| पर्सा | बीरगञ्ज |
| बारा | बारा जिल्लाको लागि |
| रौतहट | चन्द्रपुर |
| सर्लाही | राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन) |
| महोत्तरी | बर्दिबास, जलेश्वर र औरही |
| सिरहा | लहान र सिरहा |
| सप्तरी | सप्तरी जिल्लाको लागि |

सम्पर्क फोन नं.
९८०१६२६०२१, ९८५५०२१०२२
email :jtodayad@gmail.com

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८